अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : २४ / २०८२ पुस २५ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Jan. 9, 2026 / मूल्य रु. १०/-



हार्दिक
श्रद्धाञ्जली

राष्ट निर्माता श्री ५ वडामहाराजधिराज **पृथ्वीनारायण शाहको ३०४ औं जन्मजयन्ती** तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा स्व. पृथ्वीनारायण शाहप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । अहिले पनि राष्ट्रिय एकताको महत्व झन् झन् बढ्दै गएको महसुस हामीले गरको छौं ।

**देवेन्द्र चुडाल**
सम्पादक/प्रकाशक *तथा*
**अभियान साप्ताहिक**, परिवार

हामीलाई *www.abhiyanweekly.com.np* मा पनि पढ्न सकिन्छ ।

# गैरदलीय सरकारमा दलीय मन्त्रीहरू, प्रधानमन्त्रीले मागिन् राजीनामा

## निष्पक्ष र धाँधलीरहित निर्वाचन हुनेमा आशंका

**देवेन्द्र चुडाल**

देवेन्द्र चुडाल

काठमाडौ । गत भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनमा घुसपैठ गरेका व्यक्तिहरूले भाद्र २४ गते मुलुकभरमै विध्वसात्मक कार्य मात्र गरेनन् सिंहदरबार, सर्बोच्च अदालत, संसद भवन, राष्टपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास, विभिन्न राजनीतिक दलका शिर्ष नेताहरूका निजी निवासमा आगजनी गरे । जेनजीहरूले गरेको विरोध प्रदर्शनलाई हाईज्याक गरेर केही व्यक्तिहरू जेनजीहरूको नेता बनेको उद्घोष गरिरहेका भएपनि भाद्र २३ गते विरोध प्रदर्शन गर्ने जेनजीहरूले उनीहरूलाई जेनजी नै नभएको भन्दै उनीहरूले जेनजीहरूको विरोध प्रदर्शनलाई हाईज्याक गरेर व्यक्तिहरूले आफ्नो स्वार्थ पूरा गरिरहेको आरोप लगाउँदै आएका छन् ।

जेनजीका विभिन्न समूह रहेका र



केही स्वार्थी समूहका समर्थनमा सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई संविधान विपरित राष्ट्रपतिले भाद्र २७ गते प्रधानमन्त्रीमा नियुक्त गरेका थिए । प्रधानमन्त्री कार्कीले आफूँ प्रधानमन्त्रीमा नियुक्त हुनासाथ संसद विघटन गर्ने सिफारिस गरेकी थिइन् त्यही सिफारिसका आधारमा राष्ट्रपतिले संसद विघटन गरि गैरदलीय सरकार घोषणा गरेका थिए ।

कार्कीकै सिफारिसमा कुलमान घिसिङसहितका केही व्यक्तिहरू पहिलो चरणमा मन्त्रीमा नियुक्त भए । गैरदलीय सरकार भनेपनि पछिल्लो समयमा केही मन्त्रीहरू राजनीतिक दलमा लागेर सक्रिय भएका छन् । कुलमान घिसिङले आफ्नो समर्थनमा उज्यालो नेपाल नामक पार्टी खोलेर आफूँ सो पार्टीको संरक्षक रहेका थिए भने पछिल्लोपटक उज्यालो नेपाल पार्टी खोलेर आफू सो पार्टीको संरक्षक रहेका थिए भने पछिल्लोपटक उज्यालो नेपाल रास्वपामा विलय गरिएको छ ।

>>> बाँकी ८ पेजमा

# राष्ट्रिय सभा निर्वाचनमा कांग्रेस, एमाले र जसपाबीच गठबन्धन

काठमाडौ । फागुन २१ गते भनिएको प्रतिनिधिसभाको निर्वाचनमा राजनीतिक दलहरूले गठबन्धन गर्ने प्रयास स्वरूप नेपाली कांग्रेस–नेकपा एमाले र जसपा नेपालबीचमा भागवण्डा हुने निश्चित जस्तै भएको छ । आउँदो माघ २० गते राष्ट्रियसभा सदस्यका लागि १८ सिटमा निर्वाचन हुँदैछ । अहिलेका राष्ट्रिय सभामा १९ जना सांसदको पदावधि फागुनमा सकिने भएपछि निर्वाचन हुने भएको हो ।

१९ जना मध्येका एक वामदेव गौतम राष्ट्रपतिबाट मनोनित भएका हुनाले १८ जनाको मात्र निर्वाचन हुने भएको छ । १ जना राष्ट्रपतिबाट मनोनित हुने सम्वैधानिक व्यवस्था रहेपनि राष्ट्रपतिले सरकारको सिफारिसमा मात्र मनोनित गर्न सक्ने व्यवस्था रहेको छ ।

>>> बाँकी ८ पेजमा

# बालेन हाउजुगी मात्र रहेछन् : रास्वपाका नेताहरू

काठमाडौ । राष्ट्रिय स्वतन्त्र पार्टीले पुस २० गते एकै दिनमा ३३ जना केन्द्रीय सदस्यहरू थपेपछि रास्वपाभित्र निराशा छाएको छ । बालेन साह पक्षीय २६ जनालाई केन्द्रीय सदस्यमा मनोनित गरिएको थियो भने बालेन साहलाई रास्वपाको वरिष्ठ नेता बनाइएको थियो । साहले केन्द्रीय सदस्य बनाउन दिएका व्यक्तिहरूको नाम हेरेपछि रास्वपाका कार्यकर्ता जिल्लीएका छन् ।

रास्वपाले विवेकशिल साझाबाट ७ जना र त्यसपछि बालेन साहपक्षबाट २६ जनालाई केन्द्रीय समितिमा मनोनयन गरेको थियो । रास्वपाका नेताहरूका अनुसार विवेकसिशलका मनोनित भएका व्यक्तिहरू तुलनात्मक रूपमा ठीकै थिए समिक्षा बास्कोटा र रञ्जु दर्शनाले राजनीतिक हैसियत बनाइसकेका नेताहरूमा पर्दछन्

>>> बाँकी ८ पेजमा

# पुराना र नयाँ त्रिमूर्तिबीचको भिडन्त जित कस्को होला ?

काठमाडौ । गत भाद्र २३ र २४ गते भएको विरोध प्रदर्शनपछि तत्कालीन केपी ओली नेतृत्वको सरकार ढलेको थियो । भाद्र २७ गते राष्ट्रपतिले सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गर्दै आउँदो फागनु २१ गते प्रतिनिधिसभाको निर्वाचन गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने म्याण्डेट दिएका थिए ।

सुशिला कार्की जेनजीहरूले गरेको विरोध प्रदर्शनको जगमा टेकेर प्रधानमन्त्री बनेकी हुन् । कार्की सरकार निर्माण भएपश्चात् राजनीतिक दलहरूसमेत सहकार्यमा उद्दत रहेका छन् । पुराना भनिएका दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र पुष्पकमल दाहालले नेतृत्व गरेको माओवादी केन्द्रलाई विस्थापित गरेर दाहालले आफैं संयोजक रहेर नेपाली कम्युनिष्ट पार्टी स्थापना गरेका छन् । उनको पार्टीमा माधव नेपालले नेतृत्व गरेको एकीकृत समाजवादी पार्टी समाहित भएका छन् भने अन्य स साना दलहरू समेत सोही पार्टीमा रहेका छन् ।

सहकारी ठगीमा आरोपित भएर जेलमा पुगेका रवि लामिछाने धरौटीमा रिहा भएपछि लामिछाने नै रास्वपाको सभापतिमा रहेका र रास्वपामा कुलमान घिसिङ संरक्षक रहेको उज्यालो नेपाल र काठमाडौका मेयर बालेन साह समेत रास्वपामा गएकाले अब त्यहाँ त्रिमूर्ति

>>> बाँकी ८ पेजमा

# कार्की सरकारमा पार्टी प्रतिनिधि

काठमाडौ । गत भाद्र २३ र २४ गते भएको विरोध प्रदर्शपछि भाद्र २७ गते गठन भएको सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्की नेतृत्वको सरकारमा गैरदलीय व्यक्तिहरू मन्त्रीमा नियुक्त भएका थिए । कुलमान घिसिङ मन्त्री पदमा रहँदा रहँदै उज्यालो नेपाल नामक पार्टी गठन भएपनि उक्त पार्टीको संरक्षक रहेका घिसिङले उज्यालो नामक पार्टीलाई रास्वपामा विलय गराएर उनी उक्त पार्टीको उपसभापति बनेका छन् ।

पार्टीमा संलग्न भएपछि घिसिङको चौतर्फी आलोचनापछि उनले मन्त्री पदबाट राजिनामा दिएका छन् । मन्त्रीमा रहँदा सुविधा सहित उनी पार्टी विस्तारमा लागेको घिसिङ माथि प्रश्न उठेको थियो । प्रधानमन्त्री कार्कीका सल्लाहकार समेत रहेका गोविन्द नारायण



तिमेल्सिना रास्वपाको समानुपातिक सूचीको बन्द सूचीमा रहेकाले उनीहरू राजनीतिक गतिविधिमा संलग्न रहेकाले उनीहरूमाथि मात्र होइन प्रधानमन्त्री कार्कीमाथि नै प्रश्न उठेको छ ।

चुनावी सरकारमा रहेका व्यक्तिहरू नै राजनीतिक दलहरूमा संलग्न रहेकाले सरकारको कार्य सम्पादनमा समेत प्रश्न उठेको छ । रास्वपामा र उज्यालो नेपालको एकता सम्बन्धी वार्ता र छलफलमा समेत रहेका युवा तथा खेलकूद मन्त्री बल्लु गुप्ता संलग्न रहेकाले गर्दा उनीमाथि समेत प्रश्न उठेको छ । घिसिङ र गुप्ता दुवै रास्वपाबाट प्रत्यक्ष निर्वाचनमा उम्मेदवार बन्ने निश्चित रहेको छ । मन्त्री घिसिङले भने आफूँ कुनै पनि दलमा संलग्न

>>> बाँकी ८ पेजमा

# रविको प्रधानमन्त्री बन्ने सपना सपनामै सीमित

काठमाडौ । रास्वपाका सभापति रवि लामिछानेको तत्काल प्रधानमन्त्री बन्ने सपना सपनामै सिमित भएको छ । रास्वपामा वरिष्ठ नेता रहेका काठमाडौका मेयर बालेन साहलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा पश्चात् रवि लामिछानेले आफैं बल्ड्याङ खाएका छन् । सहकारी ठगी प्रकरणमा लामिछाने लुम्बिनीमा धरौटी रकम बुझाएर रिहा भएका भएपनि काठमाडौ पोखरा, चितवन लगायतका अन्य जिल्लामा उनी विरूद्धका मुद्दा रहेका छन् भने उनीमाथि सम्पत्ति शुद्धीकरणको अनुसन्धान समेत सम्पत्ति शुद्धीकरण विभागले गरिरहेको हुनाले उनी निर्वाचनमा उम्मेदवार नै हुन पाउने कि नपाउने भन्ने विवाद रहेको छ ।



रास्वपामा मेयर साह र उज्यालो नेपाल समेत मिसिएको र उज्यालो नेपालका संरक्षक रहेका कुलमान घिसिङ रास्वपाको वरिष्ठ उपसभापतिमा मनोनित भएकाले गर्दा अब रास्वपाले निर्वाचनपछि बालेन साहलाई नै संसदीय दलको नेता बनाउने भएकाले गर्दा रास्वपाले बहुमत ल्याएको खण्डमा उनी नै प्रधानमन्त्री बनेका छन् त्यही कारणले गर्दा रविले भात खाएका छन् ।

रास्वपाले अहिलेकै अवस्थामा बहुमत ल्याउन सक्ने अवस्था देखिँदैन । यदि कुनै पनि पार्टीको बहुमत नआएको अवस्थामा मिलिजुली सरकार निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ । त्यतिबेला रास्वपासँग मिल्न के

>>> बाँकी ८ पेजमा

# भागेका कैदीबन्दी र हतियार र गोली गठ्ठा निर्वाचनको बेला प्रयोग हुदैन भन्ने ग्यारेन्टी के सरकार ?

काठमाडौ । फागुन २१ गते हुने भनिएका प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलहरूले निर्वाचन आयोगमा समानुपातिक तर्फका उम्मेदवारहरूको बन्दसूची बुझाएपछि प्रधानमन्त्री सुशिला कार्कीका मन्त्रीहरू अब निर्वाचन हुने पक्कापक्की भयो भन्दै डम्फु फुकिरहेका छन् भने राजनीतिक दलका नेताहरूले अझै पनि निर्वाचनको वातावरण बनाउन सरकारले नसकेको बताउँदै आएका छन् ।

पुराना भनिएका दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रको नाम परिवर्तन गरेका पुष्पकमल दाहाल भने निर्वाचन

>>> बाँकी ८ पेजमा

# How Trump normalized abducting foreign leaders

**Qamar Bashir**

The abduction and prosecution of a sitting head of state is not merely a criminal case. It is a constitutional moment for the international system. With the dramatic seizure of Venezuelan President Nicolás Maduro and his transfer to the Southern District of New York to face drug-trafficking and weapons conspiracy charges, the USA has crossed a threshold that international law has traditionally treated as inviolable: a sitting head of state is not subject to the criminal jurisdiction of another state's courts.

Under customary international law, confirmed most famously by the International Court of Justice in the Arrest Warrant Case (2002), a sitting head of state enjoys immunity ratione personae— absolute immunity from foreign criminal proceedings, arrest, and detention. The basis is not personal privilege, but sovereignty itself. If the head of state can be arrested like a common suspect, then the state itself is no longer sovereign.

the USA proceeds on a different logic. US law provides federal courts jurisdiction over any person physically before them who has been indicted under federal criminal statutes with extraterritorial reach. The key drug-trafficking laws— 21 U.S.C. §§ 959, 960, 960a, and 963— permit prosecution of foreign actors who manufacture or traffic narcotics abroad knowing they are bound for US territory. Add to that 18 U.S.C. § 924(o) concerning firearms conspiracy, and the legal structure becomes complete. Once a federal grand jury indicts, and once the accused is in custody, 18 U.S.C. § 3231 gives the district court full criminal jurisdiction. Under the Ker–Frisbie doctrine, even an unlawful abduction does not defeat prosecution.

In other words: US law begins where international law says it must stop. The USA answers this contradiction in two ways. First, by asserting that head-of-state immunity depends on recognition— and Washington has repeatedly questioned the legitimacy of Maduro's presidency. Second, by reframing drug-trafficking as criminal, private activity, not official state conduct. Courts used a similar reasoning in United States v. Noriega, where the former Panamanian leader was tried in Florida after being seized by force. Since immunity protects the office rather than the individual, the U.S. argues that an illegitimate ruler engaged in private criminality is not entitled to the cloak of sovereignty.




But even if domestic US legal doctrine permits such a prosecution, international law does not. Sovereignty, equality of states, and immunity of heads of state are foundational norms. If one country may seize the president of another and try him before a domestic court, then every powerful nation acquires the same prerogative.

And here lies the danger. Imagine the mirror case. Suppose Venezuela indicted a sitting US president— say Donald Trump— on charges of mass civilian casualties, illegal blockade, or extrajudicial destruction of vessels at sea. Suppose further that Venezuelan agents abducted him abroad and transported him to Caracas for trial. Under the very logic now applied to Maduro, Venezuela could insist its criminal statutes have extraterritorial reach, that Trump's actions were criminal rather than "official," and that its courts therefore possess jurisdiction.

For the sake of order, sovereignty, and genuine international justice, this Pandora's box must be closed— quickly and decisively. Otherwise the rule of law will not have been advanced by the Maduro prosecution. It will have been mortally wounded.

How would the USA respond?. Not by arguing immunity in court, but by invoking force. A national emergency would be declared. Military forces would mobilize. The USA would demand immediate release and— if refused— would act unilaterally, claiming self-defence under the UN Charter. Washington would not accept the idea that a foreign domestic judge could lawfully sit in judgment over a sitting US president. Nor would any American expect it to.

The reality, then, is not that law permits the USA what it forbids others, but that power determines whose law prevails. When China pursues influence, it does so primarily through economic integration and diplomatic leverage, binding states into webs of trade and dependence. The USA once did the same. But as its economic leverage erodes and its diplomatic authority is increasingly contested, military and coercive instruments have become more visible tools of statecraft. The Maduro case is not an isolated legal proceeding; it is an expression of power through law— what scholars call "lawfare."

The timing reinforces this interpretation. Senior US military officials have openly acknowledged that operational planning for the mission began many months before the final raid, using intelligence mapping, maritime blockade, tanker seizures, and legal narrative to sculpt a justification. That sequence suggests the decision to neutralize Maduro came first; the legal story followed. Declaring drugs a "weapon of mass destruction," escalating maritime enforcement, and ultimately seizing a sitting president were phases of a single strategy— not spontaneous responses. It is no coincidence that Venezuela controls the world's largest proven oil reserves.

Yet the legal stakes stretch far beyond Venezuela. If abducting a sitting president becomes normalized practice, the Pandora's box is open. Russia could seize the Ukrainian president. Ukraine could attempt to capture the Russian leader. India and Pakistan could abduct each other's heads of government under rival criminal indictments. Every major power could claim universal criminal jurisdiction over its geopolitical adversaries. The international system would slide from law-based coexistence into unrestrained strategic kidnapping.

This is why head-of-state immunity exists in the first place. Not because leaders should be above the law— but because there must be a lawful, international forum for accountability, not unilateral justice imposed by strength. International tribunals, or trials after a leader leaves office, are the established routes. Anything else destabilizes the sovereign equality that prevents chaos.

It is also essential to note that the same immunity doctrine protects US presidents, including Donald Trump. Under international law, he cannot be arrested or tried abroad while in office, nor prosecuted for official acts thereafter. If the USA disregards these principles when dealing with weaker states, it cannot coherently object when others attempt the same logic against it.

The charges against Maduro in New York— drug trafficking and weapons conspiracy— were shaped precisely because those are the statutes that grant US courts extraterritorial jurisdiction. They were not chosen for factual accuracy alone but to manufacture legal standing. If conviction follows, it will rest on a foundation that may be domestically valid yet internationally corrosive.

The world should be under no illusion: this is not only a criminal case. It is a test of whether law restrains power, or power bends law to its will. If the precedent stands unchecked, the guardrails that have prevented interstate retribution through legalized kidnapping will weaken. The result will not be justice— but a colder, more dangerous world where states resolve grievances by force wrapped in court filings.

For the sake of order, sovereignty, and genuine international justice, this Pandora's box must be closed— quickly and decisively. Otherwise the rule of law will not have been advanced by the Maduro prosecution. It will have been mortally wounded.

# एक वर्षमा डिजेलको मूल्य १०% घट्यो, सार्वजनिक यातायातको भाडा भने घटेन

काठमाडौं । यातायात व्यवस्था विभागले इन्धनको भाडा पाँच प्रतिशत घटबढ हुँदा भाडादर समायोजन गर्ने नियम बनाएको छ । तर, भाडादर निर्धारणमा सबैभन्दा ठुलो हिस्सा रहेको डिजेलको मूल्य निरन्तर घटिरहे पनि यातायात व्यवस्था विभागले भनेव्यवसायीको दबाबमा भाडा घटाउन आनाकानी गरिरहेको छ ।

विभागले गत वर्ष २२ पुसमा भाडादर समायोजन गर्दा यात्रुवाहक सवारीसाधनको ३.३० प्रतिशत, पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारीसाधनको ढुवानी खर्च ०.८१ प्रतिशत र तराईमा सञ्चालन हुने सवारीसाधनको ढुवानी खर्च ०.०५ प्रतिशत बढाएको थियो । जबकि, त्यतिवेला डिजेलको भाडा अघिल्लोपटक मूल्य समायोजन भएको ३१ साउन, ०८० को तुलनामा १४ रूपैयाँ प्रतिलिटर घटेको थियो । आयल निगमबाट प्राप्त तथ्यांकअनुसार डिजेलको भाडा ३१ साउन, ०८० मा १ सय ६७ र २२ पुस, ०८१ मा १ सय ५३ रूपैयाँ प्रतिलिटर थियो ।

त्यतिवेला विभागले डिजेलको मूल्य घटे पनि श्रमिकको पारिश्रमिक, टायर, ब्याज, सञ्चालन खर्च, ह्रासकट्टी, मुनाफालगायतका सूचकमा वृद्धि भएकाले भाडा बढाइएको तर्क गरेको थियो । पछिल्लो एक वर्षयता पनि डिजेलको मूल्य र ब्याजदरमा ठुलो गिरावट आइसक्दा पनि उपभोक्तालाई राहत दिने गरी विभागले भाडादर घटाउन चासो दिएको छैन । एक वर्षअघि २२ पुसमा भाडा वृद्धि भएयता डिजेलको मूल्य प्रतिलिटर १६ रूपैयाँ, अर्थात् १०.४५ प्रतिशत घटिसकेको छ । तर, यातायात भाडा समायोजन गर्न विभागले तदारूकता देखाएको छैन ।

भाडा निर्धारणमा सबैभन्दा धेरै ३५ प्रतिशत हिस्सा डिजेलले ओगट्ने भएकाले पाँच प्रतिशत मूल्य तलमाथि हुनासाथ भाडा पनि हेरफेर गर्ने गरी विभागले 'सूत्र' तयार गरेको छ । त्यस्तै, सञ्चालन खर्चमा धेरै हिस्सा ओगट्ने बैंक ब्याजदरसमेत घटेर अहिले न्यून विन्दुमा आएकाले भाडा थप घट्नुपर्ने बलियो आधार छ । राष्ट्र बैंकका अनुसार अहिले ऋणको औसत ब्याजदर ७.३८ प्रतिशत छ ।

एक वर्षअघि नयाँ भाडा निर्धारण गर्दा डिजेलको मूल्य प्रतिलिटर एक सय ५३ रूपैयाँ थियो । अहिले डिजेलको मूल्य प्रतिलिटर एक सय ३७ रूपैयाँमा झरेको छ । प्रमुख कारक तत्वका रूपमा डिजेलको भाउ निरन्तर घटिरहेकाले यातायातको भाडा तत्काल घटाउनुपर्ने उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिना बताउँछन् । 'यातायातको भाडा घटाउन ढिला भइक्सयो, आफैँले बनाएको नियमअनुसार तत्कालै भाडा घटाउन सरकारले तदारूकता देखाउनुपर्छ,' उनले भने । अन्य साधनको ढुवानी भाडासमेत घटाएर बजारमूल्य नियन्त्रणमा सहयोग गर्नुपर्ने उनको भनाइ छ ।

आयल निगमले अन्तर्राष्ट्रिय बजारअनुसार नेपालमा डिजेलको मूल्य घटाइरहेको जनाएको छ, तर उपभोक्ताले लाभ पाउने गरी अन्य वस्तु तथा सेवाको खर्च नघट्नु दुःख भएको निगमका प्रवक्ता मनोज ठाकुरले बताए । 'आयल निगमले अन्तर्राष्ट्रिय बजारअनुसार नेपालमा पनि मूल्य घटाएर आफ्नो प्रतिबद्धता पूरा गरिरहेको छ,' ठाकुरले भने, 'डिजेलको घट्दो मूल्यको लाभ सबैले पाउनुपर्छ ।'

यातायात व्यवस्था विभागका प्रवक्ता गणेशमान सिंह राईले भाडादर समायोजन गर्ने विषयमा आन्तरिक छलफल भइरहेको बताए । 'भाडादर समायोजन गर्नका लागि १२–१३ वटा सूचक छन् । तीमध्ये इन्धनको मूल्य पनि एउटा सूचक हो । इन्धनको मूल्य घटेपछि आवश्यक मूल्यांकन गरेर अटोमेटिक रूपमा भाडादर समायोजन गर्नुपर्ने भन्ने त हो । तर, बिचमा यो रोकिएको थियो,' उनले भने, 'यद्यपि, अहिले भाडादर समायोजनका लागि आन्तरिक रूपमा छलफल भइरहेको छ । सम्बन्धित समितिको बैठक पनि भइरहेको छ । यस सम्बन्धमा छिट्टै निर्णय हुनेछ ।'

प्रतिशत परिवर्तन आउँदा भाडादर समायोजन गर्दा आपत्ति नहुने बताए । 'पहिला इन्धनको मूल्य पाँच प्रतिशतले थपघट हुँदा नियमित रूपमा स्वचालित प्रणालीमै यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले इन्धनको मूल्यमा पाँच प्रतिशत भाडा समायोजन हुन्थ्यो । तर, अहिले विभागले योअनुसार भाडा समायोजन गर्न सकेको छैन,' उनले भने, 'यसमा विभागले नै जिम्मेवारी हुनुपर्छ । इन्धनको मूल्य स्वचालित रूपमा परिवर्तन हुँदा आउने भाडादरमा व्यवसायीलाई आपत्ति छैन ।'



# फेरी प्रजातन्त्रले सर्वहाराका सामु शिर झुकायो



• राजन कार्की
rajan2012karki@yahoo.com

कांग्रेसले एमाले, नेकपा (माओवादी) सँग चुनावी गठबन्धन गर्न चोचोमोचो मिलाउँदैछ । एउटा नेता अथवा प्रशासकलाई शक्ति कति चाहिन्छ ? सम्पत्तिको लालसा कति हुन्छ ? सत्ता किन उसको श्वास हुन्जेलको सपना हुन्छ ?

राजनीतिमा विवेक हुनुपर्छ कि पर्दैन ? विवेकहीन भएर राजनीति गर्नेले राजनीतिको दुरूपयोगमात्र गरिरहन्छ । यस्तो दुरूपयोगलाई रोक्ने कसले ? आत्मसम्मानलाई हरेक दिन मारेर राजनीति गर्नेहरू किन दिनदिनै मरिरहेका छन् ।

राजनीतिमा सम्मान आर्जन गर्नुपर्छ, सम्मानित भएर मर्नुपर्छ भन्ने चाल नपाउनेलाई शिक्षा दिने कसले ?

जुन देशमा नागरिक समाज, थिंक टेंक र बुद्धिजीवीहरू स्वार्थलम्पट हुन्छन् र व्यक्तिगत स्वार्थका लागि विवेकलाई मारेर चुपचाप बस्छन्, त्यो देशको हालत बंगलादेश, श्रीलंका त हुन्छ, हुन्छ, अब भेनेज्वेलाजस्तो हुने खतरा बढेको छ ।

पराईले घरमै घुसेर राष्ट्राध्यक्षलाई अपहरण गरेर लैजान्छ र पराईकै घरमा मुद्दा चलाउँछ भने त्यो देशको बर्बादीको जिम्मा राजनीतिमा लाग्नेहरूले लिनुपर्छ ।

नेपालको सन्दर्भमा सत्तालिप्सा, शक्ति तिर्खा जति खाए, जति पाए पनि नमेटिने रहेछ । गयो इलाम, खायो सिलाम, कांग्रेस लिलाम । नेपाली कांग्रेसजस्तो प्रजातन्त्रवादी पार्टी कम्युनिष्टको ढोकामा शिर झुकाएर मर्नेभो । फेरि जुट्नेभो कांग्रेस-कम्युनिष्टको गठजोड । यही गठजोड मिलाउन देउवा, ओली र प्रचण्ड गोप्य भेटघाट गर्दैछन् । प्रचण्ड र देउवापत्नी दिल्ली भ्रमणमा दौडिरहेका छन् । नयाँ नेपाल बनाउँछु भन्नेहरू नेपाल सिध्याउँदैछन् । कहाँ प्रजातन्त्रवादी, कहाँ सर्वहारावादी । एउटा पूर्व अर्को पश्चिम । एउटा उदारवादी अर्को निरंकूश । कम्युनिष्टको पछि लाग्दा लाग्दै नेपाली कांग्रेस कमजोर बन्दाबन्दै दयनीय र टुक्रिने अवस्थामा पुगिसक्यो, फेरि पनि प्रजातन्त्रको बिडा उठाएको भनेर नथाक्ने कांग्रेस कम्युनिष्टकै पछि लाग्ने गठजोडको बाटो लागेको छ ।

बामपन्थी र प्रजातन्त्रवादीले भ्रष्टाचारको पछि लाग्दा जेनजी आन्दोलन बेहोर्नुपर्‍यो । सभापति दम्पत्तिले रगतपच्छे भएर कुटिनुपर्‍यो, भ्रष्टाचारीको आरोप खेप्नुपरेको मात्र होइन, नागरिक समाजमा मुखै देखाउन नहुने गरी नैतिक संकटमा पुगिसकेको छ । अझै पनि चेत खुलेन र कांग्रेस कम्युनिष्टकै पछि लाग्न वार्तामा जुटेको छ ।

आवरण फेरेको नेकपाका संयोजक प्रचण्ड, एमाले अर्थात् जेनजीको भयले हेलिकोप्टरमा भागेर अपदस्त भएका पूर्व शासक, नेपाली कांग्रेसका अर्थात् ठूलो पार्टी भएर पनि सत्ता हाँक्न नसकेको र आफ्नै पार्टीको नियमित कि विशेष अधिवेशन गर्ने भनेर निर्णयसमेत गर्न नसक्ने असक्षम भएर पार्टीलाई टुक्रिने जोखिममा हालेका सभापति शेरबहादुर देउवा ।

तीन नेताको तीनचम्के गठबन्धन फागुन २१ को निर्वाचनमा रास्वपाको रवि, बालेन र कुलमानको एकतालाई हराउन हुनलागेको हो । २०६३ सालपछि आलोपालो १७ वर्ष शासन चलाउने शासक हुन् देउवा, प्रचण्ड र ओली । आज यिनले यस्तो दिन पनि भोग्नुपर्‍यो कि ४ महिनामा २१ सिट जित्ने रास्वपको शक्तिसँग लड्न छद्मयुद्ध गर्नुपर्ने भयो । छद्म यसकारण कि प्रजातन्त्रवादीले कम्युनिष्टलाई र कम्युनिष्टले प्रजातन्त्रवादीलाई मतदान गरेर प्रतिपक्षीलाई हराउनु पर्ने भयो । योभन्दा लाजमर्दो नेपाली कांग्रेसको अनुहार अर्को कुन हुनसक्छ ?

राजनीतिमा अदालतमा ठगी मुद्दा खेपिरहेका रवि लामिछानेको रास्वपाले आँधी नै ल्याइदिएको छ । स्थापित कांग्रेस, एमाले, माओवादी (नेकपा) का लागि फागुन २१ को निर्वाचन फलामको च्यूरा भएको देखिन्छ । कम्युनिष्टको के कुरा गर्नु, न जनयुद्धको औचित्य सावित भयो, न जनआन्दोलनको । नेपालका कम्युनिष्टमा जति भ्रष्ट, सम्भ्रान्त, नेपोटिजम र अपराधिक सोच र व्यवहार अरू नेता र पार्टीको भन्दा धेरै छ ।

उखानै छ- नहुनेकी छोरी हुनेमा परी, नुनको फाँको हाली भुतुक्कै मरी भन्नु र नेपाली कांग्रेसको गतिमति उस्तै छ ।

भदौ २३ र २४ को जेनजी आन्दोलनको सुनामीमा फसेका देउवा, ओली, प्रचण्डहरूले राजनीतिबाट सन्यास लेलान्, अर्को पुस्तालाई पार्टीनेतृत्व हस्तान्तरण गर्लान् भन्ने सबैलाई लागेको थियो । तर ओली नेशनल भोलिन्टियर फोर्स नै गठन गरेर त्यही फोर्सको बलमा पार्टी अध्यक्ष बनिसकेका छन् । प्रचण्डले १६ पार्टीलाई मिलाएर संयोजक भइसके भने कांग्रेसका सभापतिले नेतृत्व नछाड्ने र चुनावपछिमात्र अधिवेशन गर्ने अड्डी कस्दै आठौंपल्ट चुनाव लड्ने घोषणा गर्न पुगेका छन् ।

नेपालको लोकतान्त्रिक, गणतान्त्रिक ठूला र प्रभावशाली रहेका दलभित्र नैतिकताको धरातल खाल्डै हुनेगरी धस्सिन पुगेको छ ।

गजब त के छ भने २०६३ को परिवर्तनपछि एकछत्र सत्ताको साम्राज्य चलाएका यी तीनथरि पार्टी नेताहरूको भ्रष्टाचारको स्रोत बन्द भएको छ । यिनको ओठमुख सुक्नु र खरी घसाइले जेल जानुपर्ने जोखिम त छँदैछ, यिनका वरिपरि धूपध्वाँर गर्नेहरू पनि यतिबेला चिन्तित देखिन्छन् । तैपनि यी तीन नेताहरूले जनताका सामु माफी माग्ने बुद्धि देखाएका छैनन् । आफूले मच्चाएको कुकर्मप्रति पश्चातापको भाव यिनमा आएकै छैन ।

आलोचना गर्ने विश्लेषकहरू यी तीन नेतालाई राजनीतिक मिटरब्याजी भनिरहेका छन् ।

जसरी पनि चुनाव जितेर नेता जसरी सत्तामा पुर्‍याउँछ, जेनजी पुस्ताले सुशीला कार्कीलाई त्यही सत्तामा पुर्‍याइदिएको छ । प्रष्ट छ- परिवर्तनपछिका यी नेताहरूको असफलताको योभन्दा कुरूप दृश्य अरू के हुनसक्छ ? यी नेता र बंगलादेशकी शेख हसिना, श्रीलंकाका राजापाक्षमा अन्तर छैन । जितेर हस्तिनापुरको राज गर्नेहरू, नैतिक र जिम्मेवारीको युद्ध हार्दा कसरी चपरीमुनी पुग्ने रहेछन् ? यी तिनै नेतामा विवेकहीन उत्तेजना र लज्जाहीन अभिव्यक्तिबाहेक सम्मानको आम्दानी केही छैन । देउवालाई २४ वर्षअघि नै असक्षम सावित गरिदिएका थिए, प्रचण्ड र ओलीलाई जनताले भदौ २४ गते असक्षम भनेर डामिदिएका छन् । यी तीन नेताले जनताका सामु मिसिन र जनतासँग आँखामा आँखा जुधाउने साहस कहिल्यै गर्नसक्लान् ? घोसेमुण्टो लगाउने र आफ्ना फोर्सको घेरामा चर्का भाषण गर्नु यिनको आगामी नियति हुनेछ । जनतासँग यी तीन नेताको दूरी कहालीलाग्दो बनिसकेको छ । अझै यिनमा 'मबाद'को अहंकार घटेको छैन । हुटिट्याउँहरू अझै फुइँकी लगाउँदै छन् । तैपनि, सत्ता, शक्ति र सम्पत्तिको यो कस्तो मोह हो, वानप्रस्थ उमेरमा, असफलता र जनघृणाको भीरमा पुगिसक्दा पनि मोहभङ्ग नहुनेरहेछ । सर्पको मुखमा परिसकेको भ्यागुतोलाई आफ्नो जीवनको चिन्ताभन्दा पनि आफ्नो मुखमा आएको किरा खाने लोभ जागेको देखिन्छ । नेपाली राजनीतिको परिदृश्य त्यस्तै देखिन्छ ।

लामो इतिहास बोकेको प्रजातान्त्रिक पार्टी नेपाली कांग्रेस तरवारको धारमा उभिन पुगेको छ । यसको जिम्मेवार अरू कोही होइन, सभापति शेरबहादुर देउवा हुन्, जसले वीपीका सबै स्थापित मान्यताहरू अवमान्ना गर्दैगए । छोरी, स्वास्नी, बुहारी, सासुससुरा, ब्रिफकेस बोक्दा बोक्दा न सर्वहारावादी सर्वहारा रहे, न प्रजातन्त्रवादी समाजवादी रहे । आफू भए लोकतान्त्रिक गणतन्त्र, नभए प्रतिगमनकारी देख्ने फुलो परेको यिनका आँखाका कारण यिनीहरू राजनीतिका खोटासिक्का सावित हुनपुगेका छन् । जता पनि सेटिङ, भाग शान्ति जय नेपाल, कांग्रेस-कम्युनिष्टको सर्वाधिक चर्चित नीति हो । राजतन्त्र किनारा लगाइदिएपछि लोकतान्त्रिक गणतन्त्र उभिने, अघि बढ्ने रोडम्याप १७ वर्षसम्म बनाउन सकेनन्, आफै म्याद नाघेको ओखतीजस्तो विषादी बन्नपुगेका छन् । यिनीहरू यतिसम्म विषालु निस्किए कि राजाका सम्पत्तिमा भ्रष्टाचार गर्नपुगे, हुँदा हुँदा नागरिकलाई भुटानी शरणार्थी बनाएर निकासी गरेर समेत घूस खाए ।

कस्तो संसद, सांसद होलान्, कानुन बनाउँदा कुलिङ पिरियड राख्ने कि नराख्ने भन्नेमा गर्न पुगे । सांसद सबैले पढ्दै नपढी सही गरे । यदि त्यो कागजमा देश अरूकै हिल्ला लगाउने भनेर लेखिएको भए पनि पास हुनेरहेछ । धन्न नेपाल १९७५ को सिक्किम बन्नबाट बच्यो ।

वीपीले भनेका थिए- द्विविधा भएको बेलामा हातमा माटो लिनु र निर्णय गर्नु । वीपीका अनुयायीहरूले हातमा नोट लिए र निर्णय गर्नपुगे ।

वीपीले भनेका थिए- नेतृत्वले गलत गर्दा पनि टुलुटुलु हेरेर बस्ने कार्यकर्ता दास हुन्छ । कम्युनिष्ट, कांग्रेसभित्र दासता व्याप्त छ । दास भएर बाँच्ने कि स्वाधीन भएर । स्वराजका लागि विवेक गुमाउनु भनेको मृत्यु हो, सबैमा चेतना भया ।



पढ्थ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# समानुपातिक उम्मेदवारको बन्द सूची बुझाउँदैमा निर्वाचन हुने ग्यारेन्टी हुँदैन

*आउँदो फागुन २१ गते हुने भनिएको संसदको निर्वाचन हुनेमा अझै आंशका रहेको छ। राजनीतिक दलहरूले समानुपातिकको बन्द सूची निर्वाचन आयोगमा बुझाएका हुनाले सुशिला कार्की सरकार भने निर्वाचन हुने निश्चित रहेको बताउँदै आएको छ। तर मुलुकको शान्ति सुरक्षा हेर्दा तोकिएको समयमै निर्वाचन हुने निश्चित रहेको भन्न सकिने अवस्था देखिँदैन। निर्वाचन आयोगले निर्वाचनको कार्यलाई अघि बढाएको छ। आयोगका कार्यवहाक प्रमुख आयुक्त रामप्रसाद भण्डारी भने जे गरेर भएपनि र जस्तोसुकै अवस्था आएपनि निर्वाचन गराएर छोड्ने अभिव्यक्ति दिइरहेका हुनाले थप आशंका उब्जिएको हो। निर्वाचन आयोगको काम भनेको सरकारले शान्ति सुरक्षाको बहाली गरेको खण्डमा स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचन गराउने हो। निर्वाचनको लागि मात्र हुनु हुँदैन। निर्वाचनसँग जनताको प्रत्यक्ष सम्पर्क रहेको हुन्छ। जनताले आफूले चाहेको राजनीतिक दलका उम्मेदवार वा स्वतन्त्र उम्मेदवारलाई भयरहित वातावरणमा मतदान गर्न पाउनुपर्दछ।*

*निर्वाचन निर्वाचनको लागि मात्र गरिएको खण्डमा त्यसले समस्याको समाधान होइन थप समस्या थप्न सक्छ भन्ने हेक्का निर्वाचन आयोगका पदाधिकारीहरूलाई हुनुपर्दछ। अब निर्वाचन आउन करिब ५४ दिनमात्र बाँकी रहेको अवस्थामा राजनीतिक दलहरू जनतामा जान सकेका छैनन्। मुलुकमा गतभाद्र २३ र २४ गते भएको विध्वंशसात्मक घटनाले गर्दा राजनीतिक दलहरू गाउँ गाउँ, टोल टोलमा पुगेर निर्वाचनको प्रचार प्रसार गर्न सकिरहेका छैनन्। मुलुकका ठुला र पुराना भनिएका दलका शिर्ष नेताहरू गाउँ गाउँ, टोल टोल पुगेर आफ्नो पार्टीका उम्मेदवारलाई मत माग्ने अवस्था अहिलेसम्म बन्न सकेको छैन भने नयाँ भनिएका दलहरू समेत अन्यौलता रहेका छन्। पुराना भनिएका नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रको नाम परिवर्तन गरेर बनेको नेपाली कम्युनिष्ट पार्टीका शिर्ष नेताहरूले भने सरकारले शान्ति सुरक्षाको बहाली गरेको खण्डमा आफूहरू निर्वाचनमा जाने उद्घोष गरिसकेका हुनाले अब निर्वाचन हुने पक्कापक्की भयो भनेर सरकारले खुसी मनाउनुपर्ने अवस्था छैन। राजनीतिक दलहरूले समानुपातिक तर्फका उम्मेदवारहरूको बन्द सूची निर्वाचन आयोगमा बुझाउँदैमा निर्वाचनको वातावरण बन्यो भन्ने आफैंमा गैरजिम्मेवारिपन हो।*

*भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा घुसपैठ गरेर विध्वंसात्मक कार्य गर्नेहरूले नै जनेजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गरेर आफ्नो स्वार्थ पूरा गरिरहेका छन्। सो विध्वंशात्मक कार्यमा संलग्न रहेका भनेर प्रहरीले प्रमाणसहित पक्राउ गरी मुद्दा चलाउन सिफारिस गरेका व्यक्तिहरूलाई मुद्दा नचलाउने र पक्राउ परेका व्यक्तिहरूलाई समेत फौजदारी मुद्दा नचलाउने सरकारको निर्णयले निर्वाचनको वातावरणलाई सहज बनाउन सकेको छैन। भाद्र २४ गते विभिन्न कारागारबाट भगाईका वा भागेका कैदीबदीहरू मध्येका झण्डै ५ हजार कैदीबन्दीहरू अहिलेसम्म जेल बाहिरै रहेका छन्। त्यस क्रममा प्रहरीका लुटिएका हातहतियार र गोलीगठ्ठा समेत प्रहरीले फेला पार्न सकेका छैन। त्यसरी भागेका वा नियतबस भगाइएका कैदीबन्दी र हातहितयार अनि गोलीगठ्ठा पुराना भनिएका राजनीतिक दल र तिनका शिर्ष नेताहरूमाथि प्रयोग हुँदैनन् भन्ने ग्यारेन्टी कार्की सरकारले दिनुपर्ने कि नपर्ने अहिलेको अहम् प्रश्न भनेको यही हो।*

*कार्की सरकार र सरकारका मन्त्रीहरू नै पुराना राजनीतिक दलका शिर्ष नेताहरूप्रति पूर्वाग्रही र प्रतिशोधपूर्ण व्यवहार देखाईरहेका छन्। प्रधानमन्त्री कार्कीले नै शेरबहादुर देउवा, केपी ओली र पुष्पकमल दाहालको अनुहारसम्म आफूलाई हेर्न मन नलागेको बताएर राजनीतिक दलहरूलाई चिढ्याउने काम गरेकी थिइन्। निर्वाचन गराउने मुख्य म्याण्डेट लिएर असम्वैधानिक तवरबाट प्रधानमन्त्रीमा नियुक्त भएकी र संसदसम्म विघटन गर्ने सिफारिस गरेर संसद विघटन गरिएको हो। आफूलाई दिएको म्याण्डेट भित्र रहेको निर्वाचनको वातावरण बनाउनुपर्ने व्यक्तिले नै पूराना र शिर्ष नेताहरूप्रति त्यस्तो अभिव्यक्ति दिएकी हुनाले पनि निर्वाचनको वातावरण बन्न नसकेको जस्तो देखिएको छ। राजनीतिक दलहरूले निर्वाचनमा नजाने कहिल्यै भनेका छैनन् उनीहरूले त निर्वाचनको वातावरण नै बनाउन सरकार असफल भएको मात्र बताइरहेका छन्।*

*पुराना दलहरूलाई विस्थापित गर्ने भन्दै आएको रास्वपा र काठमाडौ महानगराका मेयर बालेन साह र कुलमान घिसिङ एकै ठाउँमा उभिएका छन्। कार्की सरकारमा रहेका मन्त्रीहरू निर्वाचनमा जाने हो भने पहिला उनीहरूले पदबाट राजिनामा दिनुपर्दछ। रास्वपामा बालेन र कुलमान मिसिएका हुनाले रास्वापमा रहेका मन्त्री घिसिङले राजिनामा दिएपनि मन्त्री गुप्ता र खरेलले पनि पदमा रहिरहन मिल्दैन। अहिलेको सुशिला कार्की नेतृत्वको सरकार गैरराजनीतिक दलको सरकार भएकाले सो सरकारमा राजनीतिक दलका नेता  मन्त्री पदमा बसिरहनु पदको दुरुपयोग हो। रास्वपाका उपसभापति समेत रहेका कुलमानले पदबाट राजिनामा दिएर मात्र निर्वाचनका प्रचार प्रसारमा जानु उपर्युक्त हुनेछ त्यही कुरालाई मनन गरेर उनले राजिनामा दिईसकेका छन्। सरकारी सेवा सुविधा प्रयोग गरेर आफ्नो पार्टीको प्रचार प्रसार र मत माग्न पाईंदैन। यदि मन्त्रीबाट राजिनामा दिइँदैन भने अहिले देखि नै निर्वाचन जित्ने षड्यन्त्रको सुरुवात भनेर त्यसलाई बुझ्नुपर्ने अवस्था देखिन्छ।*

*रास्वपामा बालेन र कुलमान मिसिएपछि कांग्रेस, एमालेलाई केही चुनौती बढेको जस्तो देखिएको छ। तर जान्नेलाई छान्ने भन्ने रास्वपाभित्र समेत व्यापक विवाद उत्पन्न भएको छ। नेपाली कांग्रेस र नेकपा एमालेले समेत अन्य दलहरूको चुनौतीको सामना गर्न निर्वाचनमा गठबन्धन गरेर अघि बढ्न सक्ने सम्भावना समेत देखिएको छ। यदि अहिलेकै अवस्थामा निर्वाचन भए निर्वाचन निष्पक्ष, धाँधलीरहित हुने सुनिश्चितता सरकारले गरेको खण्डमा कांग्रेस, एमालेले त्यसबेला बोल्ड निर्णय गर्न सक्ने अनुमान हामीले गरेका छौं।*

## नेतृत्वलाई प्रश्न–

# शक्ति बाँड्ने कि प्रतिरोध भोग्ने ?

**नीरज गौतम**

विश्वभर एउटा मौन तर गहिरो परिवर्तन भइरहेको छ । यो परिवर्तन कुनै एक देशको सीमाभित्र सीमित छैन, न त यो केवल सामाजिक सञ्जालमा चल्ने ट्रेन्ड मात्र हो । यो परिवर्तन मानिसको मन, परिवार, क्याम्पसका गल्ली, कार्यस्थलका बैठक र सडकका नारा–निसानामा देखिन थालेको छ ।

लामो समयदेखि स्वाभाविक र अपरिहार्य ठानिँदै आएको निःसर्त आज्ञापालनको संस्कृति क्रमशः क्षय हुँदै गएको छ । युरोपका सडकमा देखिएका जलवायु मार्च, अमेरिकाका विश्वविद्यालय र क्याम्पसमा उठेका विद्यार्थी आन्दोलन र दक्षिण एसियामा भ्रष्टाचार, असमानता तथा बहिष्कारविरूद्ध उभिएका युवा अभियान– यी सबैको गहिरो अर्थ एउटै हो पुराना नेतृत्व शैलीले अब काम गर्दैनन् । हामीले कहिल्यै नसोधेका प्रश्नहरू आजका युवाले सोधिरहेका छन्– किन यस्तो व्यवस्था ?, किन यस्तो अन्याय ?, किन यस्तो दूरी ? र, हामीलाई किन सुनिँदैन ?

जेन–जीलाई प्रायः अधैर्य, विद्रोही वा अत्यधिक आदर्शवादी भनेर चित्रित गरिन्छ, तर त्यो चित्र अधुरो छ । वास्तविकतामा, यो पुस्ता नेतृत्वकै विरूद्ध उभिएको होइन । बरू दूरी बनाउने, नियन्त्रणमुखी, शोषण गर्ने र नैतिक रूपमा खोक्रो नेतृत्व अस्वीकार गरिरहेको हो । यो कुनै पुस्तागत आवेग होइन– यो एउटा मानवीय चेतनाको उठान हो, जसले विश्वभर नेतृत्वको भाषा र व्यवहार दुवैलाई पुनःपरिभाषित गर्न बाध्य बनाइरहेको छ ।

जेन–जी संकटको युगमा हुर्किएको पुस्ता हो । जलवायु परिवर्तनको समाचारले उनीहरूलाई डर देखायो, महामारीले उनीहरूको पढाइ र सपना अस्तव्यस्त बनायो, युद्धका दृश्यले उनीहरूको हृदयलाई कठोर बनायो र आर्थिक अनिश्चितताले घरभित्रका कुराकानीलाई तिक्त बनायो । अघिल्ला पुस्ताले इतिहासका पानामा पढेका संकटलाई यो पुस्ताले मोबाइल स्क्रिनमा प्रत्यक्ष देख्यो । स्थायित्व र सुरक्षाको वाचा गर्ने राज्य, बजार र संस्थाहरूले बारम्बार असुरक्षा मात्र दिएको अनुभव उनीहरूले सँगाले ।

उनीहरूले देखे– दिगोपनको भाषण गर्दै श्रमिक शोषण हुन्छ, शान्तिका नाममा द्वन्द्वबाट लाभ उठाइन्छ, समावेशिताको भाषण गर्दै शक्ति केही सीमित समूहमा थुपारिन्छ । त्यसैले आज उमेर, पद र हैसियत मात्र नेतृत्वको वैधताको आधार बन्न सक्दैन । यो पुस्ता नेतृत्वबाट उद्देश्य, सहानुभूति, पारदर्शिता र जवाफदेहिता माग्छ । उनीहरू आज्ञा मान्न तयार छन्, तर केवल त्यस्तो नेतृत्वको, जसले मानव मर्यादा, सामाजिक न्याय र भविष्यप्रतिको जिम्मेवारीलाई केन्द्रमा राख्छ । उनीहरूलाई 'कडा हात' होइन, 'खुला मन' चाहिन्छ, 'आदेश' होइन, 'अर्थ' चाहिन्छ ।

यही कारण जेन–जीद्वारा नेतृत्व गरिएका आन्दोलनहरू अघिल्ला पुस्ताका आन्दोलनभन्दा स्वरूप र आत्मामा फरक देखिन्छन् । यी आन्दोलनहरू केन्द्रविहीन छन्, मूल्य–आधारित छन्, भावनात्मक रूपमा सचेत छन् र गहिरो नैतिक चेतनाले निर्देशित छन् । उनीहरू 'को सत्तामा छ ?' भन्ने प्रश्नमा सीमित हुँदैनन् । उनीहरूको मूल प्रश्न हुन्छ– 'किन सत्तामा छन् र त्यो सत्ता कसका लागि प्रयोग भइरहेको छ ?' यही प्रश्नले राज्य मात्र होइन, निजी क्षेत्र, कर्पोरेट संस्था, विश्वविद्यालय र सामाजिक संरचनालाई समेत गहिरो आत्मपरीक्षण गर्न बाध्य बनाएको छ ।

यो विद्रोहको संकेत होइन, यो संस्थागत स्वास्थ्यको संकेत हो । जहाँ प्रश्न उठ्न छाड्छ, त्यहाँ पतन सुरू हुन्छ । जेन–जीका आवाज अव्यवस्थाका निम्तो होइनन्, ती प्रणाली सुधारका लागि आएका चेतावनी हुन् । त्यसलाई समयमै सुन्ने हो भने सुधार सम्भव छ । अझ महत्त्वपूर्ण कुरा, उनीहरूको असहमति प्रायः 'ध्वंस' होइन, 'निर्माण' चाहने हृदयबाट आउँछ । उनीहरू भन्छन्– हामीसँग शक्ति छैन, तर सत्य बोल्ने साहस छ । हामीसँग पद छैन, तर भविष्यको चिन्ता छ ।

नेपाली सन्दर्भमा पनि यही चित्र अझ तीक्ष्ण भएर देखिन्छ । नेपालका जेन–जी विश्वव्यापी प्रवाहबाट अलग छैनन् । भ्रष्टाचार, सुशासनको अभाव, रोजगारीमा असुरक्षा, वैदेशिक पलायन, जलवायु न्याय र शैक्षिक संस्थामा सम्मानजनक व्यवहारको माग गर्दै नेपाली युवाहरू झन् संगठित र मुखर बन्दै गएका छन् । उनीहरूलाई अघिल्ला पुस्ताबाट अलग बनाउने तत्त्व क्रोध होइन, स्पष्टता र चेतना हो । उनीहरू व्यक्तिलाई मात्र होइन, संरचनालाई प्रश्न गर्छन् ।

नीतिगत कमजोरीभन्दा पर गएर संरचनागत असमानता औंल्याउँछन् । तर दक्षिण एसियामा गहिरो रूपमा जरा गाडेको नेतृत्व संस्कृतिले अझै पनि अधिकारलाई नियन्त्रणसँग र वरिष्ठतालाई बुद्धिमत्तासँग जोडिरहेको छ । कार्यस्थल, विश्वविद्यालय, राजनीतिक दल र सामाजिक संस्थामा युवाहरू आफूलाई सुन्ने होइन, नियन्त्रण गर्ने, मार्गदर्शन गर्ने होइन, अनुशासन थोपर्ने नेतृत्वको सामना गरिरहेका छन् ।

जब संवादको सट्टा दमन आउँछ, तब विरोध अपरिहार्य बन्छ । नेपालमा यो प्रतिरोध कहिले 'क्याम्पस राजनीति' को बहसमा, कहिले 'रोजगारी' को मागमा, कहिले 'सार्वजनिक सेवा' को सुधारमा, त कहिले सामाजिक सञ्जालको तीव्र प्रश्नोत्तरमा देखिन्छ । यसलाई युवाको 'जिद्दीपन' भनेर हेला गर्नु भनेको संस्थागत वास्तविकताप्रति आँखा चिम्लिनु हो । किनभने आजको युवा केवल आफ्नो भविष्यका लागि होइन, आफ्ना अभिभावक, आफ्ना समुदाय र देशकै भविष्यका लागि चिन्तित छ । उनीहरूलाई 'थाहा छैन' भनेर हाँस्नु सजिलो छ, तर उनीहरूको प्रश्न सुन्नु कठिन यद्यपि आवश्यक काम हो ।

यहीँबाट मूल सत्य स्पष्ट हुन्छ– आजको संकट युवाको व्यवहारमा छैन । यो नेतृत्वको दर्शनमा आएको संकट हो । दशकौंदेखि राजनीति, कर्पोरेट क्षेत्र र संस्थागत नेतृत्वमा आदेश, नियन्त्रण, दक्षता र आज्ञापालनलाई सर्वोच्च मूल्य मानियो । छोटो अवधिमा यसले केही नतिजा दिए पनि दीर्घकालमा यसले थकान, असमानता, वातावरणीय विनाश र मानवीय दूरता जन्मायो ।

कार्यस्थलमा मानसिक स्वास्थ्य संकट बढ्नु, युवामा निराशा गहिरिनु र संस्थाप्रति विश्वास घट्नु– यी सबै त्यसैको परिणाम हुन् । जब संस्थाले मानिसलाई केवल 'उत्पादन गर्ने इकाइ' वा 'अनुशासित संसाधन' बनाउँछ, तब सिर्जनशीलता मर्छ र प्रतिबद्धता कमजोर हुन्छ । जेन–जीले नेताबाट पूर्णता खोजिरहेका छैनन् । उनीहरू मानवता, इमानदारी र जवाफदेहिता खोजिरहेका छन् । यहीँबाट रूपान्तरणकारी र सेवक नेतृत्व शैक्षिक अवधारणाबाट बाहिर निस्केर व्यावहारिक र नैतिक आवश्यकता बन्छन् ।

रूपान्तरणकारी नेतृत्वको सार सरल छ– नेता 'स्थिति जोगाउने' होइन, 'दृष्टि निर्माण गर्ने' व्यक्ति हो । यस्तो नेतृत्वले संस्थालाई अल्पकालीन लाभ, लोकप्रियता वा शक्ति सन्तुलनभन्दा माथि उठाएर साझा उद्देश्यतर्फ उन्मुख गराउँछ । जलवायु संकट, प्रविधिको तीव्र विकास, आप्रवासन, बेरोजगारी, असमानता र गलत सूचनाले जर्जर बनाएको विश्वमा रूपान्तरणकारी नेतृत्वले साझा भविष्यको कल्पना प्रस्तुत गर्छ, जहाँ विकास नाफामा मात्र होइन, मानव र प्रकृतिको सहअस्तित्वमा मापन हुन्छ ।

जेन–जी यस्तै दृष्टिको खोजीमा छन् । उनीहरूलाई आदेश होइन, अर्थ चाहिन्छ । नियन्त्रण होइन, सहभागिता चाहिन्छ । उनीहरू 'के गर्नुपर्छ' भन्दा बढी 'किन गर्नुपर्छ' भन्ने प्रश्नमा उत्तर खोज्छन् । रूपान्तरणकारी नेतृत्वले यही अपेक्षालाई सम्बोधन गर्छ किनकि यसले युवालाई आदेश पालन गर्ने अनुयायी होइन, परिवर्तनका साझेदार बनाउँछ । जब युवाले 'हामीलाई पनि निर्णयमा सहभागी गर' भन्छन् भने, त्यो सत्ता खोस्ने चाहना होइन, जिम्मेवारी बाँडियोस् भन्ने चाहना हो ।

आजका संस्थाहरूमा सरकार होस् वा निजी क्षेत्र, युवालाई केवल 'कार्यबल' का रूपमा हेर्ने दृष्टि अझै बलियो छ । तर जेन–जी आफ्नो समय, प्रतिभा र ऊर्जा 'उद्देश्य' सँग बाँध्न चाहन्छ । उनीहरूलाई कम्पनीको भिजन पोस्टरमा मात्र होइन, निर्णय र नीतिमा देखिनुपर्छ । पारदर्शी प्रगति, निष्पक्ष अवसर, पर्यावरणीय जिम्मेवारी र सामाजिक प्रभाव– यी बिना उनीहरूको प्रतिबद्धता दीर्घकालीन हुँदैन ।

रूपान्तरणकारी नेतृत्वले युवाको यही मनोविज्ञान बुझेर 'काम' लाई अर्थसँग जोड्छ र 'लक्ष्य' लाई मूल्यसँग । परिणामस्वरूप संस्था केवल उत्पादन केन्द्र होइन, 'विश्वास र साझा पहिचान' को स्थल बन्छ । जहाँ कर्मचारीले 'मलाई सुन्छन्' भन्ने अनुभूति पाउँछ र नागरिकले 'यो संस्था हाम्रो हो' भन्ने भरोसा गर्न थाल्छ ।

त्यसैगरी, सेवक नेतृत्व आजको विश्वमा बढ्दो ध्रुवीकरण, घृणा र अविश्वासको प्रभावकारी उपचार हो । सेवक नेतृत्वले शक्ति प्रदर्शन होइन, जिम्मेवारी वहनलाई नेतृत्वको केन्द्रमा राख्छ । यसले कमजोरको रक्षा गर्छ, संवादलाई प्राथमिकता दिन्छ र नीतिलाई कागजबाट मानिसको जीवनसम्म जोड्छ । जब नेतृत्वको 'सुन्ने' क्षमतामा कमजोर हुन्छ, तब मानिसहरू 'चिच्याएर' सुनाउन बाध्य हुन्छन् ।

सेवक नेतृत्वले यही दूरी घटाउँछ– व्यवस्थापक र कर्मचारीबीच, सरकार र नागरिकबीच, शिक्षक र विद्यार्थीबीच, नेता र जनताबीच । जेन–जी शब्दभन्दा व्यवहार हेर्छन्, त्यसैले देखावटी भाषण होइन, इमानदार अभ्यासले मात्र उनीहरूको विश्वास जित्न सक्छ । सेवक नेतृत्वले विश्वासको सेतु मात्र निर्माण गर्दैन, उसले संस्थाको नैतिक आधारलाई पुनर्जीवित गर्छ, जहाँ नेतृत्वको अर्थ 'अधिकार' होइन, 'सेवा' हुन्छ ।

आजको विश्व बहुआयामिक संकटको चरणमा उभिएको छ– जहाँ युद्ध केवल हतियारको प्रयोगबाट होइन, असमानता, बहिष्कार, जलवायु अन्याय र संस्थागत अविश्वासबाट जन्मिन्छ । यस्तो अवस्थामा शान्ति कुनै सम्झौतामा हस्ताक्षर गरेर मात्र प्राप्त हुँदैन, शान्ति तब सम्भव हुन्छ, जब नेतृत्वले मानिसको सम्मान, आवाज र अवसरलाई केन्द्रमा राख्छ । शान्ति भन्नाले केवल द्वन्द्व रोकिएको अवस्था होइन, यो न्याय भएको, अवसर खुला भएको र नागरिकले आफ्नो भविष्यमा भरोसा गर्न सकेको अवस्था हो ।

दिगोपन पनि केवल वातावरणीय कार्यक्रम होइन, यो आर्थिक, सामाजिक र भावनात्मक दिगोपन हो । जहाँ संस्था र समाजले मानिसलाई 'खर्च' गरेर होइन, 'सम्भावना' विकसित गरेर अघि बढाउँछन् । रूपान्तरणकारी नेतृत्वले भविष्यतर्फ मार्ग देखाउँछ । सेवक नेतृत्वले त्यो मार्गमा मानिसलाई सुरक्षित, सम्मानित र सहभागी बनाउँदै लैजान्छ । शान्ति र दिगोपन दुवैका लागि यी दुई नेतृत्व शैली आज 'वैकल्पिक' होइन, 'अनिवार्य' छन् ।

अब प्रश्न उठ्छ– नेपालका राजनीतिक दल, सरकारी निकाय, विश्वविद्यालय, बैंक, उद्योग, मिडिया र नागरिक समाजले के गर्ने ? पहिलो, युवालाई 'समस्या' होइन 'नीति साझेदार' का रूपमा स्विकार्नुपर्छ । दोस्रो, नेतृत्व चयन र पदोन्नतिको आधार वरिष्ठता मात्र होइन, क्षमता, नैतिकता, सार्वजनिक जवाफदेहिता र दृष्टि हुनुपर्छ । तेस्रो, संस्थाहरूले संवादको नियमित ढाँचा बनाउनुपर्छ ।

जहाँ आलोचना दमन होइन, सुधारको पृष्ठपोषण बनोस् । चौथो, मानसिक स्वास्थ्य, काम–जीवन सन्तुलन, निष्पक्ष अवसर र सुरक्षित कार्यसंस्कृतिलाई 'अनुग्रह' होइन, 'अधिकार' का रूपमा स्थापित गर्नुपर्छ । पाँचौं, जलवायु र दिगोपनलाई समारोहको भाषणबाट नीति, बजेट र व्यवहारमा लैजानुपर्छ । यस्ता सुधारहरू 'युवा खुसी पार्न' होइन, संस्था बचाउन र समाज टिकाउन आवश्यक छन् ।

अन्ततः आजका नेतासामु विकल्प स्पष्ट छ । उनीहरूले शक्ति अड्काएर निरन्तर प्रतिरोध भोग्न सक्छन् वा शक्ति बाँडेर वैधता कमाउन सक्छन् । उनीहरू विरोधलाई अव्यवस्था ठान्न सक्छन् वा त्यसलाई रोगको लक्षण ठानी उपचार खोज्न सक्छन् । उनीहरू माथिबाट नेतृत्व गर्न सक्छन् वा युवा सँगसँगै हिँड्न सक्छन् ।

रूपान्तरणकारी र सेवक नेतृत्व कमजोर विकल्प होइनन् । यी साहसी र दूरदर्शी विकल्प हुन्, अहंकारले भरिएको संसारमा विनम्रता र दूरीमा बनेको प्रणालीमा सहानुभूति माग्ने विकल्प । जेन–जी अनुमति पर्खिरहेका छैनन्, उनीहरू भविष्य बनाइरहेका छन् । अब प्रश्न यत्ति हो– आजका नेता उनीहरूसँगै हिँड्न तयार छन् कि इतिहासले उनीहरूलाई छोडेर अघि बढ्नेछ ? - *कान्तिकपुर*

# कांग्रेस विवाद र शेखरको मौनता

सादेशमणि पोखरेल

गत असोजको पहिलो सातायता नेपाली कांग्रेसका आन्तरिक जीवनमा दुईचार कुरा हटकेक बने । जसमा दुई कुरा थप प्रबल बने, पहिलो कांग्रेसको विशेष महाधिवेशन (जुन यही पुस २७ र २८ का लागि आह्वान भइसकेको छ) र दोस्रो कांग्रेस नेता डा. शेखर कोइरालाको मौन राजनीतिक सक्रियता । एकातर्फ महाधिवेशन हुने कि नहुने, अर्कातर्फ विशेष हुने कि नियमित हुने भन्ने आशंकाले मामिला थप पेचिलो बन्न पुग्यो । महाधिवेशन हुने या नहुने संशयमा कांग्रेसी वृत्तमा आलोचनात्मक विश्लेषणसहित व्याख्या हुनु त्यति अस्वाभाविक भएन, जति चर्चा शेखरको शक्ति सञ्चयबारे दोबाटा, चोक, गल्ली तथा भिडमा हुन थाल्यो ।

कांग्रेसको एक बलियो वृत्तले शेखरलाई 'पोलिटिकल स्टक'मा विश्वास गर्ने पात्र ठान्छ । वाचाल नेता गगन थापाको बेगलाई 'डिस्मेन्टल' (फिका) गर्न सक्ने पात्रका रूपमा शेखरलाई उभ्याउन सकिने धेरै ठोस आधार हुन सक्छन् । यसैकारण एउटा ठुलै समूह सर्मथनमा उभिएको हुन सक्छ । भनिन्छ, कार्यकर्तामा आधारितभन्दा सामूहिकतामा आधारित निर्णय पार्टी निर्माणमा व्यावहारिक हुन्छ । यही निर्णयले कांग्रेसको आगामी आधारशिला निर्माण गर्ने लगभग पक्का छ ।

दलीय हिसाबमा चुनावबाटै जनाधिकार तथा जनताका म्यान्डेट तय गर्न नसक्ने दल केवल नेता र खेमा विशेषमा रूमल्लिनु स्वाभाविक हो । आन्तरिक विवादलाई सहज निकास दिन नसक्नु भनेको 'घरको न घाटको' अवस्थामा पुग्नु हो । यसलाई कांग्रेस वृत्तले स्पष्ट बुझेको छ । यसबाट कांग्रेसमा भनिएको प्रजातान्त्रिक पद्धति सबल बन्नुभन्दा पनि फिका बन्ने संकेत देखिन्छ । के यो 'डिजिटलाइज्ड' कांग्रेसको मर्मअनुसार छ त ? कांग्रेसभन्दा पछाडि स्वतन्त्रताको अभ्यास गरेका एमाले, तत्कालीन माओवादी, रास्वपा तथा राप्रपासमेतले एजेन्डाका हिसाबले लोकतान्त्रिक पद्धति अपनाइसकेको वर्तमानमा कांग्रेसले यस्ता 'म्याटर'मा अल्झिनुभन्दा दलीय सहमति अर्थात् महाधिवेशनकै फेरोमा नेतृत्व हस्तान्तरण गर्नु गज्जब हुन्छ । यसैको जगमा के शेखर बन्न सक्लान् त 'डिफ्याक्टो लिडर' ?

कांग्रेसको 'क्याटवाक' : व्यक्तिगत 'क्याटवाक' सहज होला, तर दिगो नहुन सक्छ । दिगोपनासहितको क्याटवाकले खास महत्व राख्छ । हो, वर्तमानमा कांग्रेसकेन्द्रित किशोर तथा युवाले दिगो मेलोमा ध्यान दिनु जरूरी छ । दिगो मेलोद्वारा सिर्जित लिडरसिपको उचित निकासबाट सर्वप्रथमतः मुलुकको 'प्याराडाइम सिफ्ट' (प्रतिमान परिवर्तन) हुन्छ । वर्गीय हिसाबमा युवाले यता व्यक्तिगत रूपमा एक दिशागत शक्तिकेन्द्रित मेलो खोजेको आभास हुन्छ, त्यो पनि वर्तमान संक्रमणकालमा । तर, मुलुकले खोजेको 'मल्टिडिरेक्सनल' (बहुदिशागत) मेलो हो, जुन वर्तमान समयको मागसमेत हो । यसो भन्दै गर्दा नियमित महाधिवेशन हुन नसकेको अवस्थामा घोषणा नै भइसकेको विशेष महाधिवेशन सफल पार्नुको विकल्प छैन । 'क्याटवाक'लाई भने राजनीतिमा फेसन कम, व्यावहारिकता बढी भएको आयामका रूपमा हेरिन्छ ।

पोलिटिकल क्याटवाक वाक्यांशमा जति सहज छ, व्यवहारमा त्यति सहज नरहेका उदाहरणमा ब्राजिलका पूर्वराष्ट्रपति जैर बोल्सनारो, इटलीका पूर्वप्रधानमन्त्री सिल्भियो बेर्ल्सुकोनी, पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान तथा क्यानडाका युवा नेता तथा पूर्वप्रधानमन्त्री जस्टिन ट्रुडोको विश्वव्यापी लयले अंकित गरिसकेको छ । यसैबाट पनि राजनीतिक वृत्तिको ऐतिहासिक फेहरिस्त लगभग स्पष्ट हुन्छ । तसर्थ मेलो लाग्नेभन्दा मेलो लगाउनेको ओज वृद्धि भएको पाइन्छ । एकपटक यसतर्फ पनि जोड दिनु युवावर्गको आवश्यकतासमेत हो ।

इतिहासको विकास हेतु निर्माण भएका नेपाली राजनीतिक भाष्य त्यहाँ झ्यापझुरूप हुन्छन्, जहाँ दण्डहीनता र अधैर्यको विकास हुन्छ । हो, यही दौडमा देखिए कांग्रेसलगायत दल । लोकतान्त्रिक गणतन्त्रमा विश्वास गर्ने नेपाली दल यसका सिकार हुने भए भन्नेमा भय निर्माण भइसकेको छ, यसका निम्ति धेरै पर पुग्नुपर्दैन, वर्तमानमा खस्किएको कांग्रेसको क्रियाशील सदस्यता र एमालेका संगठित सदस्यको संख्या हेर्दा लगभग स्पष्ट हुन्छ । तर, कालान्तरमा यसको निरंकुश सामाजिक न्याय शिक्षित नेपाली जनमानसले गर्नेछ, जसलाई दधिची, दुर्वासा, चाणक्य, मार्क्स हुँदै हिटलरसम्मका समाज विज्ञान घोकाइयो, तर कांग्रेसजनलाई बिपी सिकाउन पाइलापाइलामा चुक्यो कांग्रेस । तर, घोकाइतन्त्रमा लत बसेका मानव संशाधनको उपयोग गर्नु र बोकेको कुकुरले सिकार गर्नु उस्तैउस्तै हो । यसैबाट सुरू हुन्छ, कांग्रेसको सैद्धान्तिक क्षयीकरण, जसमा जोसिला युवा बेतालमा क्याटवाक गर्न निस्कन्छन् ।

यतिखेर पनि सम्भाव्यतामा बाँच्नु कांग्रेसका लागि दुर्भाग्य हो । दुर्भाग्यको आधारविन्दु भन्नाले व्यक्तिगत राजनीतिक स्वार्थ तथा लाभसमेत हो । वर्तमानमा जेन-जी विद्रोहले छेडेको परिवर्तनलाई पुरातनवादी भनिएका नेता शेरबहादुर देउवाले समेत स्वीकार गरी आफूले 'फ्रुटफुल एक्जिट' चाहेको बताइरहँदा पनि कांग्रेस अनिर्णयको बन्दी बन्नु भनेको दल थप कमजोर, रूढिवाद र संकुचनमा जानु हो । इतर मानिएका नेता शेखर कोइरालाको मौनता वर्तमानमा सार्थकसमेत देखिन्छ । सार्थक यस मानेमा कि उनी केवल केन्द्रीय सदस्यमा सीमित पात्र हुन्, जसको काम, कर्तव्य र अधिकारको दायरा पनि सीमित नै छ ।

यसर्थ, क्याटवाकलाई दिगो, सन्तुलित एवं सन्तुलित बनाउन कांग्रेसका वैकल्पिक दुई शक्ति एकजुट भएर अघि बढ्दा हेगेलले भनेझैँ 'राजनीति र इतिहासमा समान तथा विपरीत शक्ति संयोजनले न्याय पाउनेछ ।'

राजनीतिका सापेक्षिक मोडलाई वर्तमानमा नजरअन्दाज गर्दै रणनीतिक कार्यदिशा तथा बिपीको मार्गदर्शनलाई यथारूप दिन सक्नु कालान्तरमा शेखर-गगनले 'विन-विन पोलिसी' (जितमाथि जित नीति) मा रहेर जोखिमरहित र मर्यादित राजनीतिक संस्कृतिको विकास गर्नु हो । जसको गुन कांग्रेस वृत्तले कहिल्यै बिर्सनेछैन । तर, 'जिरो सम गेम' (शून्य प्राप्ति खेल) को अवस्था सिर्जना हुनु भनेको पोलिटिकल क्याटवाक निरर्थक बन्नु हो ।

मौनताको पथ : सन् १९६३ को अगस्टमा अमेरिकी अभियन्ता तथा नेता मार्टिन लुथर किङको सुप्रसिद्ध भाषण आई ह्याभ अ ड्रिम (मेरो एक सपना छ) ले तहल्का पिट्यो । भनिन्छ, यसैकै प्रतिबिम्बस्वरूप अमेरिकामा सन् १९६४ मा नागरिक अधिकार तथा सन् १९६५ मा मताधिकारसम्बन्धी कानुन निर्माण गरियो । जसका आधारभूत मागमा स्वतन्त्रता, समाजिक न्याय तथा समानता थिए । नेपालका सन्दर्भमा यी दुवै प्रकारका अधिकार सन् १९४८ र १९५५ मै प्राप्त भई उपयोगसमेत भइसकेका थिए । हो, यही अमेरिकी प्रवृत्ति, जसमा लुथर किङ सापेक्षिक रूपमा बलियो भएका थिए, यही 'पोलिटिकल कल्चर'को ब्याज आजसम्म अमेरिकाले खाइरहेको छ । त्यस्तो प्रवृत्तिको विकास कांग्रेसले गर्न सक्यो भने हजारौँ वर्षसम्म उसले सोचेको प्रजातान्त्रिक ब्याज उपभोग गर्न अप्ठ्यारो हुनेछैन ।

मौनता, विश्व राजनीतिलगायत विचार विज्ञानको निर्णायक पथ हो भन्नेमा दुईमत छैन । मौनताका विभिन्न स्वरूपमध्ये राजनीतिक मौनता त्यो स्वरूप हो, जसले नेतृत्वको तहमा कायाकल्पसमेत ल्याइदिन सक्छ । उदाहरणका रूपमा सिंगापुरका नेता ली क्वान यू तथा वर्तमान चिनियाँ राष्ट्रपति सी जिनपिङलाई लिन सकिन्छ ।

सन् २०२२ मा रूटलेजले प्रकाशन गरेको सोफिया डिङ्ली तथा थोमस कुकले सम्पादन गरेको पुस्तक 'राजनीतिक



मौनता : अर्थ, कार्य र अस्पष्टता'ले थोरबहुत रूपमा यसका सफलता र यससँग जोडिएका चुनौतीबारे बताएको छ । यसमा सांकेतिक, रणनीतिक तथा घर्षणसहितको शक्ति सन्तुलन, जसमा शक्ति, संस्था तथा राजनीतिक संग्लग्नताबारे उल्लेख भएको छ ।

वर्तमानमा शेखरको मौनताले राजनीतिक संयमता, तत्कालमा देखिएको द्वन्द्वको व्यवस्थापन, धारणा तथा अभिव्यक्तिका लागि 'प्लेटफर्म' निर्माण भएको देखिन्छ, जुन प्रजातान्त्रिक भनिएको पार्टीको विशेषतासमेत हो । तर, यसै मौनताले निम्त्याएका चुनौतीको चाङ पनि सानो छैन । यसका अवयवका रूपमा तत्कालमा आह्वान भएको विशेष महाधिवेशनको बहस र नवआयामलाई लिन सकिन्छ । यसबाट उम्कन शेखरले वर्तमानमा रही विगतको सुनौलो इतिहासलाई मनन गरेर भविष्यको कार्यदिशासमेत कोर्नुपर्ने चुनौतीका ठेली छन् । दोस्रो हिसाबमा उनलाई 'लिगेसी वेस्ड पोलिटिकल क्याडर'को 'ट्याग'समेत लाग्ने गरेको छ । उनी सफलतामा 'लिडर' बन्नका लागि संकटमा संकुचन र सहजतामा प्रस्फुटनकारी बन्नु आवश्यक छैन । हो, यसैबाट सुरू हुन्छ, उनको 'डिग्निटी बेस्ड पोलिटिक्स' (मार्यादामा आधारित राजनीति) को आधारशिला । अर्कातर्फ यस मौनताले निम्त्याएका अपत्यारिता तथ्यलाई उनले सीधा हिसाबमा स्वीकार गरि तदनुसार कार्यदिशा तय गर्नु आवश्यक छ । सो नभएको खण्डमा संस्थापन पक्षकै दोस्रो वरीयताका प्रथम नेता वा पूर्णबहादुर खड्काको प्रबलतामाथि सबैको सहमतीय बिन्दु बन्न सक्ने आधार देखिन्छ ।

समीकरण अ-समीकरण : वर्तमानमा शेखर-गगन दुवैलाई 'फरक कोणले किन हेर्नुपर्छ र हेर्न सक्नुपर्छ' भन्ने प्रश्नलाई कांग्रेस वृत्तले खास हिसाबले मनन गरेको पाइन्छ । तर, दुवैलाई गराइका हिसाबले समानान्तर अंक दिन सक्ने ठोस आधार नै पाइएको छैन । यसो भन्दैमा दुवै नेतालाई नजरअन्दाज भने गर्न लागिएको होइन, त्याग र बलिदानका हिसाबले । भय यति मात्र हो कि कांग्रेस प्रजा (तान्त्रिक) हरूकै भरमा चल्ने भयो ।

शेखर-गगनबिच बढ्दो असन्तुलनले विद्यमान पार्टी प्रणालीको 'बेन्चमार्क' नै नाघ्ने अवस्था निम्तिएको विश्लेषकको भनाइ छ । जसबाट बिस्तारै निर्माण एवं संस्थागत हुँदै गरेको डेमोक्रेटिक स्ट्रेन्थ (लोकतान्त्रिक सबलता) बिस्तारै क्षयीकरणको विन्दुमा पुग्ने आशंकासमेत गर्न थालिएको छ ।वर्तमानमा समेत संस्थापन र गगन पक्ष दुवैले एक-एक कदम पछाडि हट्न सकेको अवस्थामा लगभग समस्या समाधान निश्चित छ । कुरो रह्यो, २१ फागुनमा हुने चुनावका सन्दर्भ । तोकिएको चुनाव घोषित मितिमै भए पनि या ६ महिनापछि भए पनि अथवा एकै वर्षपछि भए पनि चुनाव त भएरै छाड्छ । तर, चुनाव तथा टिकट बाँडफाँडलाई लिएर एउटा संस्थालाई नै अनिर्णयको बन्दी बनाउनु किञ्चित लोकतान्त्रिक पद्धतिको अभ्यास होइन ।

सजातीय नेताबिचको असन्तुलन तब पैदा हुन्छ, जब अहंकार, शक्ति संघर्ष तथा आपसी विश्वासमा खाडल पैदा हुन्छ । यसबाट डरलाग्दो भय कहाँ निम्तिन्छ कि अनुयायी अनुयायीबिच समेत चरम ध्रुवीयता बढ्छ, जसमा मध्यस्थकर्तासमेतले सहजीकारण गर्न सक्दैनन् । चुनावकै मेसोमा यतिको शक्ति संघर्षको अभ्यास भएको हो भने चुनावमा हार स्वीकार गरी कांग्रेस पाँच वर्ष जनतामाझ भिज्न सक्नु बरू उचित हुन्छ । *- नयाँ पत्रिका*



# लेखापरीक्षणमा 'आउटसोर्स' गरेर नेपाल भित्रियो चार अर्ब

काठमाडौं । नेपालका चार्टर्ड एकान्टेन्ट, लेखापरीक्षक तथा लेखापरीक्षणसम्बन्धी अध्ययन गरेका विद्यार्थीले आउटसोर्सिङको रूपमा विदेशी कम्पनी तथा संस्थाको लेखापरीक्षण गरेर वार्षिक २९ मिलियन डलर आम्दानी गरेको देखिएको छ । लेखापरीक्षकहरूको नियमनकारी संस्था नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान)ले गरेको प्रारम्भिक अध्ययनले वार्षिक दुई करोड ९० लाख डलर हाराहारीमा आम्दानी भइरहेको देखाएको हो । बुधबारको विनिमयदर (प्रतिडलर १४३.९७ रूपैयाँ)अनुसार यो चार अर्ब १७ करोड ५१ लाख रूपैयाँ हो । आइक्यानका अनुसार अहिले नेपालका झन्डै एक हजार लेखापरीक्षक विदेशी लेखापरीक्षकसँगको साझेदारीमा विदेशी कम्पनी तथा संस्थामा आबद्ध छन् । आइक्यानका अध्यक्ष नीलबहादुर सारू मगरले लेखासम्बन्धी आउटसोर्सिङबाट वार्षिक तीन करोड डलर हाराहारीमा आम्दानी भइरहेको बताए । यो रकम औपचारिक माध्यमबाटै नेपाल भित्रिएको उनको भनाइ छ ।

'नेपालका परीक्षकले आउटसोर्सिङको रूपमा विदेशी संस्था तथा कम्पनीको लेखापरीक्षणजस्ता काम गरिरहेका छन् । यसमा झन्डै एक हजारजना नेपाली लेखापरीक्षक सक्रिय छन् । त्यसबाट वार्षिक ३० मिलियन डलर हाराहारीमा आम्दानी हुने गरेको छ,' उनले भने, 'औपचारिक प्रणालीबाट यसबापतको रकम भित्रिन्छ । तर, यो सरकारी तथ्यांक होइन । आइक्यानले आउटसोर्सिङमा सक्रिय लेखापरीक्षक तथा फर्मबाट लिएको विवरणका आधारमा तयार गरिएको प्रारम्भिक तथ्यांक हो ।'

नेपालका लेखापरीक्षकले आउटसोर्सिङका रूपमा लन्डन, अमेरिका, अस्ट्रेलिया, क्यानडा, जर्मनजस्ता मुलुकका कम्पनी तथा संस्थाको लेखापरीक्षण गरिरहेका छन् । अध्ययनलगायतका लागि बिदेसिएको नेपाली चार्टर्ड एकाउन्टेटले विदेशमै लेखापरीक्षण कम्पनी खोलेर नेपालमा काम दिइरहेका छन् । कतिपय नेपाली परीक्षकले विदेशी लेखापरीक्षकसँग साझेदार गरेर पनि काम गरिरहेका छन् । यस्तै, लेखापरीक्षण तथा आउटसोर्सिङसम्बन्धी बहुराष्ट्रिय कम्पनीले नेपालमै शाखा कार्यालय स्थापना गरेर काम दिइरहेका छन् । अहिले नाओ सिएफओ, एजिके, स्टारलिंक वेल्थजस्ता कम्पनीले नेपालमै शाखा कार्यालय स्थापना गरेर नेपाली लेखापरीक्षकलाई आउटसोर्स गरिरहेका छन् ।

यसैबिच आइक्यानले आउटसोर्सलाई थप विस्तार र व्यावसायिक गर्ने लक्ष्यसहित 'ग्लोबल एकाउन्टिङ इनिसिएटिभ इन नेपाल (जिएआइएन)' परियोजना सार्वजनिक गरेको छ । आइक्यानले बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गरेर उक्त कार्यक्रम सार्वजनिक गरेको हो । बुधबार नै यससम्बन्धी वेबसाइट सार्वजनिक पनि गरिएको छ । यसमार्फत विश्वबजारमा नेपाली लेखापरीक्षकमार्फत लेखापरीक्षणको सेवा दिइने लक्ष्य लिएको छ । 'अहिले नयाँ पुस्ताको विद्यार्थीको आकर्षण सूचना प्रविधिमा छ । लेखा सेवातर्फ आकर्षण कम छ । फलस्वरूप विश्वबजारमै लेखापरीक्षकको अभाव देखिन थालेको छ । यससम्बन्धी शिक्षामा अमेरिका, लन्डन, अस्ट्रेलियामा ३० प्रतिशतको गिरावट आएको छ । अहिले सेवामा भइरहेका लेखापरीक्षक पनि रिटायर्ड भइरहेका छन् । नयाँ भने त्यति आएका छैनन् । त्यसले गर्दा विश्वबजारमा यस्तो सेवाको माग बढेको छ,' उनले भने, 'बंगलादेश, फिलिपिन्स, भियतनाम तथा भारत यो सेवामा अघि बढिसकेका छन् । गत वर्ष फिलिपिन्सको अर्थतन्त्रमा यसको योगदान सात प्रतिशत पुगेको देखिएको छ । अब यो अवसरबाट नेपालले पनि लाभ लिनुपर्छ । नेपाललाई एकाउन्टिङको हब बनाउने लक्ष्य लिएका छौं ।'

आइक्यानले 'ग्लोबल एकाउन्टिङ इनिसिएटिभ इन नेपाल (जिएआइएन) 'मार्फत १० वर्षमा डेढ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ । अबको तीन वर्षमा १० हजार, पाँच वर्षमा ५० हजार र १० वर्षमा डेढ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य लिइएको आइक्यानका उपनिर्देशक सन्तोष विष्टले बताए । यस्तै, १० वर्षपछि वार्षिक ६ अर्ब ३३ करोड ६० लाख डलर आम्दानी गर्ने लक्ष्य लिएको उनले बताए ।

अबको तीन वर्षमा ३४ करोड ६० लाख डलर, पाँच वर्षमा एक अर्ब ९२ करोड डलर र १० वर्षमा ६ अर्ब ३३ करोड ६० लाख डलर वार्षिक आम्दानी हुने दाबी गरिएको छ । आइक्यानले यसलाई प्रवर्द्धन गर्न आगामी माघ १७ गते काठमाडौंमा आउटसोर्सिङ सम्मेलन गर्दै छ । यसैगरी, आगामी फागुनमा लन्डनमा हुने एक अन्तर्राष्ट्रिय एकाउन्टिङ समिटमा पनि आइक्यानले सहभागिता जनाउँदै छ । आइक्यानले आवश्यक नीतिगत व्यवस्था गर्न सरकारसँग माग पनि गरेको छ । साथै, आवश्यक पूर्वाधार तयार गरेर विश्वबजारमा यस सेवाको प्रवर्द्धन गरिदिन पनि सरकारसँग माग गरेको छ ।

यस्तै, नेपालका पाठ्यक्रममा पनि आवश्यक संशोधन गर्न माग गरेको छ । आइक्यानले आफ्नो तर्फदेखि पनि विदेशी लेखापरीक्षकसँग साझेदार गर्ने, क्षमता विकासको काम गर्ने बताएको छ । यसैगरी, गैरआवासीय नेपालीसँग साझेदार गरेर अघि बढ्ने आइक्यानको भनाइ छ । यस्तै, नेपालका लेखापरीक्षणसम्बन्धी कम्पनीलाई विदेशमा शाखा खोल्न दिने व्यवस्था गर्न पनि आइक्यानले माग गरेको छ । यस सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था ल्याउन आवश्यक रहेको पनि आइक्यानका उपाध्यक्ष आनन्दराज शर्मा वाग्लेले बताए ।

# अब पेट्रोलमा १० प्रतिशत इथानोल मिसाउन पाइने

काठमाडौं । सोमबारको मन्त्रिपरिषद् बैठकले पेट्रोलमा १० प्रतिशत इथानोल मिश्रण गरेर बिक्री गर्न स्वीकृति दिने निर्णय गरेको छ । मन्त्रिपरिषद्को सो निर्णयपछि आयल निगमले इथानोल खरिदको प्रक्रियासमेत अघि बढाउने भएको छ । तोकिएको मात्रामा इथानोल मिश्रण गर्दा पेट्रोलको गुणस्तरमा फरक नपर्ने भएकाले विश्वभर नै यस्तो प्रयोगमा रहेको आयल निगमका पूर्वकार्यकारी निर्देशक सुशील भट्टराईले बताए । 'इथानोल मिश्रण भएको पेट्रोल विश्वभर प्रयोगमा छ । ब्राजिलमा सबैभन्दा धेरै खपत भइरहेको छ,' उनले भने, 'त्यसैले हामीले पनि गुणस्तर, परिमाण र मूल्यमा उचित निर्णय गर्‍यौं भने लागू गर्न सक्छौं ।'

अब आयल निगमले पनि इथानोल मिश्रणका लागि स्वदेशी उद्योगीलाई उत्पादनका लागि प्रोत्साहन गर्ने जनाएको छ । निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले मन्त्रिपरिषद्बाट स्वीकृत भएको कार्यविधि प्राप्त गरेपछि इथानोल खरिदका लागि सार्वजनिक सूचना जारी गर्ने बताए । '१० प्रतिशत मिश्रणका लागि दैनिक करिब दुई लाख लिटर इथानोल आवश्यक पर्छ,' भट्टले भने, 'यति परिमाणमा उत्पादन गरेर दिन सक्ने उद्योगलाई सम्झौता गर्न हामी सार्वजनिक सूचनामार्फत आह्वान गर्नेछौं ।'

इथानोलको मूल्य तुलनात्मक रूपमा सस्तो पर्छ । निगमको प्रारम्भिक अध्ययनअनुसार हाल एक सय २० रूपैयाँ प्रतिलिटरसम्ममा इथानोलको मूल्य पर्छ । पेट्रोलको मूल्य भने हाल एक सय ५९ रूपैयाँ प्रतिलिटर छ । त्यसैले इथानोल मिश्रण गरेको पेट्रोल सस्तो हुनुपर्ने आमबुझाइ छ । हाल दैनिक १७ लाखदेखि २० लाख लिटरसम्म पेट्रोलको खपत छ । त्यसैले १० प्रतिशत मिश्रण गर्ने निर्णय लागू भए दैनिक दुई लाख लिटरसम्म इथानोल खपत हुन सक्छ । यसबाट पेट्रोल आयातमा समेत कमी आई व्यापार घाटा कम गर्न मद्दत मिल्ने सरकारको अपेक्षा छ ।

चिनी उद्योगीले पेट्रोलमा मिश्रण हुने इथानोल उपलब्ध गराउनेबारे यसअघि नै सरकारलाई ध्यानाकर्षण गराइसकेका छन् । तर, उद्योगीले दैनिक औसतमा ५० हजार लिटर मात्रै दिन सक्ने क्षमता रहेको बताएका छन् । त्यसैले इथानोलका लागि नयाँ प्लान्ट नै लगाउनुपर्ने निगमको बुझाइ छ । तोकिएको गुणस्तर र परिमाणमा इथानोल दिन प्रतिबद्धता जनाउन कोही आए सार्वजनिक सूचनामार्फत प्रतिस्पर्धा गराई इथानोल खरिदको ग्यारेन्टी निगमले गर्ने कार्यकारी निर्देशक भट्टले जानकारी दिए ।

इनाथोलको गुणस्तर, परिमाण र मूल्य उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले निर्धारण गर्ने मन्त्रिपरिषद्बाट स्वीकृति भएको 'पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, ०८२' मा उल्लेख छ । मन्त्रालयका अनुसार गुणस्तर तथा नापतौल विभागले इथानोलको गुणस्तरसम्बन्धी मापदण्ड तोक्ने र सोही मापदण्डमा आधारित भएर उत्पादन भएको इथानोल निगमले खरिद गर्नेछ । त्यस्तै, कुन मूल्यमा इथानोल खरिद गर्ने भन्ने निर्णय भने मन्त्रालयबाटै हुनेछ । 'पेट्रोलमा मिश्रण गर्ने उद्देश्यले उत्पादित इथानोलको प्रतिलिटर मूल्य कति हुने भन्ने निर्णय मन्त्रालयमा गठन भएको समितिले निर्धारण गर्नेछ,' स्रोतले भन्यो ।

माग परिमाण भने आयल निगमले तोक्ने भएको छ । देशभर दैनिक खपतका आधारमा पेट्रोलमा मिश्रण हुने इथानोलको माग परिमाण यकिन हुनेछ,' ती अधिकारीले भने । आयल निगमलाई मात्रै बिक्री गर्ने उद्देश्यले इथानोल उद्योग खोलिने भएकाले सुरूमै परिमाण, मूल्य र गुणस्तरबारे सम्झौता हुने र त्यसपछि मात्रै उद्योगले उत्पादन थाल्ने सर्त राखिएको छ ।

आयल निगमले सोझै उद्योगबाट इथानोल खरिद गर्ने र डिपोमा रहेको संरचनामार्फत मिश्रण गरेर देशैभर पेट्रोल वितरण गर्ने वा उपभोक्तालाई छनोटको सुविधा दिने भन्ने निर्णय भइसकेको छैन । पेट्रोलियम विज्ञसमेत रहेका निगमका पूर्वकार्यकारी निर्देशक सुशील भट्टराईले कुनै उपभोक्ताले शतप्रतिशत पेट्रोल नै प्रयोग गर्छु भनेको खण्डमा विकल्प दिन सकिने बताए । 'यसका लागि सबै पेट्रोलपम्पमा इथानोलको मेसिन पनि राख्न सकिन्छ । कुनै उपभोक्ताले आफ्नो सवारीसाधनमा १० लिटर पेट्रोल हालेर एक लिटर इथानोल आफैं राख्न पनि सक्छन्,' उनले भने ।

आयल निगमले डिपोमा रहेको भण्डारगृहमा नै सोझै १० प्रतिशत इथानोल मिश्रण गरेर पम्पमा पठाउन सक्ने पनि उनले बताए । तर, गुणस्तरका विषयमा उपभोक्ताले गुनासो गर्न नसक्ने गरी काम गर्नुपर्ने उनको सुझाव छ । 'तोकिएको गुणस्तरमा कुनै पनि सम्झौता नगर्ने ग्यारेन्टी गरेर मात्रै आयल निगमले इथानोल मिश्रण गरेको पेट्रोल प्रयोगमा ल्याउनुपर्छ । यसका लागि विकसित देशका अभ्यासलाई पनि अनुसरण गर्न सकिन्छ,' उनले भने ।

खेलकुद

# विश्वकपका लागि नेपाली टिमको घोषणा, शेर मल्ल पहिलो पटक टिममा

टि–२० विश्कवपका लागि नेपाली टिम घोषणा भएको छ । नेपाली राष्ट्रिय टिमका मुख्य प्रशिक्षक स्टुअर्ट लले करिब २ साता लामो प्रशिक्षण पश्चत रोहितकुमार पौडेलको कप्तानीमा १५ सदस्यीय टिम घोषणा गरेका छन् । टिममा अधिकांश पुरानै अनुहार छन् भने भर्खरै सम्पन्न एनपिएलमा राम्रो प्रर्दशन गरेका केही खेलाडी पनि समेटिएका छन् । युवा मिस्ट्री स्पिनर शेर मल्लले पहिलो पटक राष्ट्रिय टिममा स्थान बनाएका छन् । एनपिएलमा लुम्बिनी लायन्सलाई च्याम्पियन बनाउन उत्कृष्ट प्रदर्शन गरेका उनी सोही आधारमा विश्वकपको टिममा परेका हुन् । यस्तै, बासिर अहमदले पनि टिममा पुनरागमन गरेका छन् । टि–२० विश्वकपको इस्ट एसिया प्यासिफिक छनोटमा टिममा नरहेका बासिरलाई पनि एनपिएलमा गरेको पदर्शनकै आधारमा टिममा राखिएको हो ।

एनपिएलमै राम्रो प्रदर्शन गरेका विकेटकिपर ब्याट्सम्यान विनोद भण्डारी, मिडियम पेसर अविनाश बोरहराले भने टिममा स्थान बनाउन सकेनन् । दुवै सुदूरपश्चिम रोयल्सबाट उत्कृष्ट प्रदर्शन गरेका थिए । उनीहरू दुवै टिममा पुनरामगन गर्ने अपेक्षा थियो । यस्तै, राष्ट्रिय टिमका नियमित सदस्य कुशल मल्ल पनि विश्वकपको टिममा स्थान बनाउन असफल भए । खराब फर्मका कारण उनी टिममा नसकेका हुन् । उनको एनपिएल सामान्य मात्र थियो । बन्द प्रशिक्षणमा रहेका भीम सार्की, प्रतिश जिसी, साहब आलम, इशान पाण्डे, रूपेश सिंह टिममा अटाउन सकेनन् ।

नेपाली टिमः रोहित पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी (उपकप्तान), कुशल भुर्तेल, आसिफ सेख, सन्दीप जोरा, आरिफ सेख, बासिर अहमद, गुल्सन झा, लोकेश बम, सोमपाल कामी, करण केसी, नन्दन यादव, ललित राजवंशी, शेर मल्ल, सन्दीप लामिछाने ।

# एनएसजेएफ स्पोर्ट्स अवार्ड : दीपेन्द्र र एरिका उत्कृष्ट, हिमाल सुनारीलाई पिपल्स च्वाइस

क्रिकेटका दीपेन्द्रसिंह ऐरी र करातेकी एरिका गुरूङले उत्कृष्ट खेलाडीको अवार्ड जितेका छन् । पोखरामा आज भएको २२औं एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डमा पुरूषतर्फ दीपेन्द्र र महिलातर्फ एरिका उत्कृष्ट बनेका हुन् । दुवै पल्सर बाइक प्राप्त गरे ।

करातेकी कीर्तिमानी खेलाडी एरिकाले लागतार दोस्रो पटक यो अवार्ड जितेकी हुन् । लगातार दोस्रो पटक अवार्ड जित्ने उनी पहिलो खेलाडी हुन् ।यता, सबैभन्दा चर्चित विधाका रूपमा रहेको पिपल्स च्वाइस अवार्ड भलिबल खेलाडी हिमाल सुनारीले प्राप्त गरे । उनले चार खेलाडीलाई भोटिङमा पछाडि पार्दै अवार्ड जितेका हुन् । उनले पनि पल्सर बाइक प्राप्त गरेका छन् ।

यो विधानमा क्रिकेटकी पूजा महतो, फुटबलकी रेखा पौडेल, टेबलटेनिसकी इभाना थापा, उसु खेलाडी विजय सिन्जाली मनोनयनमा थिए । रेखा भोटिङमा दोस्रो स्थानमा रहिन् । यस्तै, नेपाली महिला क्रिकेट टिमकी उपकप्तान पूजा महतोले उत्कृष्ट युवा खेलाडीको अवार्ड प्राप्त गरिन् भने एथ्लेटिक्सकी प्रभा आङदेम्बेले उत्कृष्ट पारा एथ्लेट र पारा तेक्वान्दो प्रशिक्षक कविराज नेगी लामालाई उत्कृष्ट प्रशिक्षकको अवार्ड जिते ।

त्यस्तै तेक्वान्दोमा ९ डान प्राप्त गर्ने तुलसी गुरूङलाई एनएसजेएफ स्पेशल अवार्डबाट सम्मानित गरिँदा पहिलोपटक भएको खो खो विश्वकपमा दुई ऐतिहासिक रजत पदक दिलाउने नेपालको महिला र पुरूष टिमलाई 'टिम अफ दि इयर' अवार्ड प्रदान गरियो । कार्यक्रमको अन्त्यमा सरप्राइजका रूपमा घोषणा गरिएको विशेष अवार्ड 'ट्रेलब्लेजर अफ दि इयर' पलेशा गोवर्धनले प्राप्त गरिन् भने पूर्वखेलाडी खड्ग रानाभाटलाई लाइफटाइम एचिभमेन्ट अवार्ड प्रदान गरियो ।

# साम्बा नौ महिना मैदानबाहिर

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी दायाँ घुँडामा गम्भीर चोटका कारण नौ महिना मैदानबाहिर रहनेछिन् । दायाँ घुँडाको एसिएल टियरको चोट बोकेकी भण्डारी शतप्रतिशत फिट भएर मैदानमा आउन कम्तीमा नौ महिना लाग्ने उनीआबद्ध वेलिङटनले मंगलबार विज्ञप्तिमार्फत जानकारी दिएको छ । 'गत शनिबार ब्रिसबन रोअरविरूद्धको खेलमा सावित्रा गम्भीर घाइते भएकी हुन् । रिपोर्टमा घुँडाको एसिएल ग्राफ्ट च्यातिएको देखिएको छ ।

यो एमआरआई परीक्षणले पुष्टि गरेको छ,' वेलिङटनले भनेको छ, 'नौ महिना महत्वपूर्ण खेलाडी सावित्रालाई गुमाउन बाध्य भएका छौं ।' वेलिङटनकी प्रशिक्षक बेभ प्रिस्टम्यानले सावित्राको चोटबाट दुःखी भएको बताइन् । वेलिङटनले आफ्नो आगामी खेलका लागि सावित्रालाई गुमाएको प्रिस्टम्यानले जनाइन् । दोस्रो हाफमा ब्रिसबनकी गोलरक्षक लिंकनले एयर बलमा खोस्ने क्रममा सावित्राको दायाँ खुट्टामाथि टेकेकी थिइन् । सोही क्रममा उनी घाइते भएकी हुन् । सावित्राको यो तेस्रो एसिएल टियर हो । यसअघि उनले सन् २०२१ मा दायाँ घुँडाको शल्यक्रिया गराएकी थिइन् । प्रशिक्षक प्रिस्टम्यानले क्लबमा आबद्ध विदेशीमध्ये सावित्रा उत्कृष्ट खेलाडी भएको बताइन् । 'सावित्रा एक उत्कृष्ट खेलाडी मात्र नभई सबैलाई माया गर्ने व्यक्तिका रूपमा लिएका छौं, उनको चोटबाट क्लबलाई निकै घाटा लागेको छ,' प्रिस्टम्यानले भनिन् ।

विलिङटन न्युजिल्यान्डको क्लब भए पनि उसले अस्ट्रेलियामा 'ए' डिभिजन लिग खेल्छ । अस्ट्रेलियाको शीर्ष डिभिजन क्लब खेल्ने सावित्रा एक मात्र नेपाली खेलाडी हुन् । सावित्राले विलिङटनसँग दुई वर्षको सम्झौता गरेकी छिन् । न्युजिल्यान्डले दक्षिण एसियाकै उत्कृष्ट स्ट्राइकर सावित्रालाई आबद्ध गर्दै पहिलो च्वाइसमै राखेको छ । यस सिजनमा उनले तीन गोल गरेकी छिन् । चोटका कारण उनले यो वर्षको लिगका सबै खेल गुमाउनेछिन् ।

कर्पोरेट

## ● ग्लोबल आइएमई बैंकको १९औँ वार्षिकोत्सव

ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १९औँ वार्षिकोत्सवलाई विशेष बनाउँदै संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)अन्तर्गत १९ वटा प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ ।

यस अवसरमा बैंकले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, वित्तीय साक्षरता तथा मानवीय सहयोग, आयआर्जन अभिवृद्धिलाई प्राथमिकता दिने जनाएको छ । दुर्गम क्षेत्र, गरिब, विपन्न तथा न्यून आय भएका समुदायलाई लक्षित गरी यी कार्यक्रम देशव्यापी रूपमा सञ्चालन गरिने बताइएको छ । साथै, सातवटै प्रदेशमा १४ वटा निःशुल्क महिला स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

त्यसैगरी, सात प्रदेशका सात स्थानमा बृहत् आँखा जाँच तथा मोतीयाविन्दु शल्यक्रिया शिविर आयोजना गर्ने पनि बैंकले जनाएको छ । यसका साथै बैंकले सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत १५ सय गरिब, विपन्न तथा न्यून आय भएका विद्यार्थीको आँखा जाँच गरी आवश्यक चस्मा निःशुल्क रूपमा वितरण गर्नेछ । सातवटै प्रदेशमा स्वास्थ्य शिविर पनि सञ्चालन गरी गरिब तथा न्यून आय भएका समुदायलाई स्वास्थ्य सेवा पुर्‍याउने बैंकले जनाएको छ । शिक्षा क्षेत्रमा बैंकले गरिब तथा जेहेनदार छात्रालाई कक्षा ६ देखि १२ सम्म छात्रवृत्ति प्रदान गर्दै आएको छ । विगत पाँच वर्षमा एक सय ४० छात्रालाई लाभान्वित गरेको यो कार्यक्रम यस वर्ष थप ७७ जनासहित छात्रामा विस्तार हुने बताइएको छ ।

त्यसैगरी, बैंकले अर्थशास्त्र, व्यवस्थापन तथा कानुन संकायमा उच्च शिक्षा अध्ययनरत गरिब तथा जेहेनदार विद्यार्थीलाई एमफिल तथा पिएचडी शोध, अनुसन्धानका लागि वित्तीय सहयोग प्रदान गर्नेछ भने मुख्य सहर रक्तदान कार्यक्रमका साथै आश्रम, बालगृहका बालबालिकालाई खाद्यान्न तथा अन्य सहयोग प्रदान गरिने बैंकले जनाएको छ ।

## ● महालक्ष्मी विकासको १०.७३ प्रतिशत लाभांश पारित

महालक्ष्मी विकास बैंक लिमिटेडको २४औँ वार्षिक साधारणसभाबाट १०.७३ प्रतिशत लाभांश पारित भएको छ । बैंक सञ्चालक समितिका अध्यक्ष राजेश उपाध्यायको अध्यक्षतामा सोमबार भएको सभाले ५.३७ प्रतिशत नगद लाभांश (लाभांशमा लाग्ने कर प्रयोजनार्थसमेत) तथा पाँच प्रतिशत बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गरेको हो ।

गत आवको वित्तीय विवरण छलफल गरी पारित गरिएको छ । यसका साथै संस्थापक समूह (क) बाट तीनजना र सर्वसाधारण समूह (ख) बाट तीनजना गरी ६ जना सञ्चालक निर्वाचित भएका छन् । संस्थापकबाट राजेश उपाध्याय, सञ्जय गिरी र ग्रोइंग प्रालिका सागर मल्ल निर्वाचित भए ।

सर्वसाधारण सेयरधनीबाट श्यामसुन्दर रुंगटा, राहुल अग्रवाल र शालिकराम अर्याल निर्वाचित भएका छन् । नवनिर्वाचित सञ्चालक समितिको पहिलो बैठकले उपाध्यायलाई सञ्चालक समितिको अध्यक्ष चयन गरेको छ । बैंकका अनुसार अघिल्लो आव ०८०/८१ को तुलनामा गत आवमा बैंकका समग्र वित्तीय परिसूचकमा सकारात्मक परिवर्तन देखिएको छ । अघिल्लो आवमा आधार दर ९.३९ प्रतिशत रहेकामा गत आवमा ६.९४ प्रतिशत रहेको छ ।

## ● नेपाल लाइफको लाभांश पारित

कम्पनी नेपाल लाइफ इन्स्योरेन्सको २६औँ वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । कम्पनीका सञ्चालक समितिका अध्यक्ष गोविन्दलाल संघईको अध्यक्षतामा भएको कार्यक्रम वीरगन्जमा गरिएको हो । यो सभाले गत आर्थिक वर्षको वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजीको २१.०५ प्रतिशत लाभांश पारित गरिएको छ । जसमा १६.०५ प्रतिशत नगद लाभांश (लाभांशको करसहित) र पाँच प्रतिशत बोनस सेयर प्रदान रहेको छ ।

सभाले आव ०८१/८२ को वार्षिक कार्यप्रगति प्रतिवेदनमाथि छलफल गरी पारित गरेको छ भने चालू आवका लागि लेखा परीक्षक पनि नियुक्त गरेको बताइएको छ । त्यस्तै, साधारणसभाले संस्थापक समूहअन्तर्गत गोविन्दलाल संघई, कमलेशकुमार अग्रवाल र विवेककुमार अग्रवाललाई निर्विरोध निर्वाचित गरेको छ । साधारणसभापछि शनिबार नै बसेको सञ्चालक समितिको बैठकले गोविन्दलाल संघईलाई सर्वसम्मतिबाट अध्यक्षका रूपमा चयनसमेत गरेको कम्पनीले जानकारी दिएको छ ।

अध्यक्ष संघईले निरन्तर सहयोग, संरक्षकत्व र शुभेच्छा प्रदान गर्ने सबै सेयरधनी महानुभाव र कम्पनीका सम्पूर्ण बिमितलाई सञ्चालक समितिको तर्फबाट आभार प्रकट गरे । कम्पनीका सञ्चालक कमलेशकुमार अग्रवालले वर्तमान म्याक्रो इकोनोमिक परिस्थितिले गर्दा बिमा व्यवसायका आगामी दिन थप चुनौतीपूर्ण हुने हुँदा सम्पूर्ण सरोकारवालाले एक ढिक्का भएर कार्यसम्पादन गर्न आग्रह गरे । प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले गत आवमा हासिल गरिएका व्यावसायिक उपलब्धि र भावी योजनाबारे प्रकाश पारे ।

## ● सिटिजन्स सन्तुलित योजनामा मागभन्दा बढी आवेदन

सिटिजन्स म्युचुअल फन्डअन्तर्गतको चौथो बन्दमुखी योजना 'सिटिजन्स सन्तुलित योजना'को इकाइ खरिदका लागि मागभन्दा बढी आवेदन परेको छ । सिटिजन्स क्यापिटल लिमिटेडको योजना व्यवस्थापन तथा डिपोजिटरी र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको कोष प्रवर्द्धनमा सञ्चालन यस योजनाले ४ देखि १८ पुससम्म इकाइ निष्कासन गरेको थियो । योजनाका अनुसार एक अर्ब आकारको उक्त योजनामा एक अर्ब २५ करोड रूपैयाँभन्दा बढीको आवेदन प्राप्त भएको छ । यो रकम योजनाले माग गरेको पुँजीभन्दा करिब २५ प्रतिशत बढी हो ।

यससँगै सिटिजन्स सन्तुलित योजना सिटिजन्स क्यापिटल लिमिटेडद्वारा सञ्चालन गरिएका म्युचुअल फन्डमध्ये अधिक आवेदन प्राप्त गर्ने योजनाको सूचीमा पर्न सफल भएको छ । लगानीकर्ताको उल्लेखनीय सहभागिताले सिटिजन्स क्यापिटललाई नेपालको पुँजी बजारमा एक दक्ष, व्यावसायिक र विश्वासिलो संस्थाका रूपमा स्थापित गराएको कम्पनीको भनाइ छ । सिटिजन्स क्यापिटल लिमिटेड, सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको सहायक कम्पनी हो ।

## ● नबिलको एटिएमबाट 'खल्ती'को रकम निकाल्न पाइने

खल्ती वालेटका प्रयोगकर्ताले अब नबिल बैंकका एटिएमबाट खल्ती एपको प्रयोग गरी नगद निकाल्न पाउने भएका छन् । यसका लागि नबिल बैंक र खल्ती वालेटबिच सम्झौता भएको छ । सम्झौताअनुसार खल्तीका प्रयोगकर्ताले बैंकका देशभरका विभिन्न स्थानमा रहेका एटिएमबाट कार्डको प्रयोग नगरी सहज रूपमा खल्ती वालेटमा भएको रकम निकाल्न सक्ने बैंकले जनाएको छ ।

बैंकलाई वालेटदेखि एटिएम कारोबारको प्रणालीलाई एक-आपसमा जोड्न उक्त सम्झौता गरिएको बैंकको भनाइ छ । सम्झौताअनुसार वालेट प्रयोगकर्ताले दैनिक अधिकतम पाँच हजार रूपैयाँ र मासिक रूपमा अधिकतम २५ हजार रूपैयाँ नगद निकाल्न सकिनेछ । नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत आदर्श बजगाईंले उक्त सम्झौतापछि बैंकको एटिएम नेटवर्कलाई वालेटका प्रयोगकर्तासम्म विस्तार गर्न सहयोग पुगेको बताए । 'नबिल बैंक प्रविधिको अधिकतम उपयोग गरी ग्राहकलाई सहज रूपमा सेवा प्रवाहका लागि प्रतिबद्ध छ, सोहीअनुसार खल्तीसँग सम्झौता भएको हो,' उनले भने, 'नयाँ सुविधाले ग्राहकको समय बचत हुनुका साथै कार्ड व्यवस्थापनको झन्झट पनि हट्नेछ । नेपालको फिनटेक इकोसिस्टममा डिजिटल रूपान्तरणमा नबिल बैंकको प्रतिबद्धता अझ बलियो हुनेछ,' उनले थपे ।

खल्ती वालेटका प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले नबिल बैंकसँगको यो सहकार्य डिजिटल अर्थतन्त्र निर्माणका लागि महत्वपूर्ण प्रयास भएको बताए ।

## ● मुक्तिनाथ विकास बैंक २०औँ वर्षमा : शैक्षिक सामग्री वितरण तथा कर्मचारीलाई सम्मान

मुक्तिनाथ विकास बैंक लिमिटेड १९औँ वर्ष पूरा गरी २०औँ वर्षमा प्रवेश गरेको छ । सो अवसरमा बैंकले गत शनिबार केन्द्रीय कार्यालय काठमाडौँसहित क्षेत्रीय कार्यालय जनकपुर, नारायणगढ, धादिङ, पोखरा, इटहरी, बुटवल र लम्कीमा बृहत् रक्तदान कार्यक्रम सञ्चालन गरेको छ । रक्तदानबाट ७५५ युनिट रगत संकलन गरी स्थानीय रक्तसञ्चारगृहलाई हस्तान्तरण गरिएको बैंकले जनाएको छ ।

त्यसैगरी, 'सन् २०५० मा मेरो नेपाल' शीर्षकमा कक्षा ८ देखि १० सम्मका विद्यार्थीबिच राष्ट्रव्यापी चित्रकला प्रतियोगिता पनि आयोजना गरेको छ । प्रतियोगितामा सर्वोत्कृष्ट भएकी काठमाडौंकी रिया खड्काले प्रथम स्थानसहित ५० हजार रूपैयाँ प्राप्त गरिन् । हरेक क्षेत्रीय कार्यालयअन्तर्गतको उत्कृष्ट चित्रकारलाई जनही १० हजार रूपैयाँ प्रदान गरिएको बैंकले जनाएको छ । बैंकले सातवटै प्रदेशका कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति, विभिन्न विद्यालयका विद्यार्थीलाई न्यानो कपडा तथा स्टेसनरी सामग्री वितरण, बागमती सफाइ महाअभियानलाई सफाइ सामग्री हस्तान्तरणलगायतका कार्यक्रम गरेको छ । बैंकको केन्द्रीय कार्यालय लाजिम्पाटमा आयोजित कार्यक्रममा मुक्तिनाथ विकास बैंकको संस्थागत गीत विमोचन, संस्थामा १० वर्ष सेवा अवधि पूरा गरेका ४७ कर्मचारीलाई सम्मान पनि गरिएको बैंकले जनाएको छ ।

## ● नेपाल बैंक र मेडिकेयर हस्पिटलबिच छुट सम्झौता

नेपाल बैंक र मेडिकेयर हस्पिटलबिच छुट सम्झौता भएको छ । बैंकमा खाता रहेका ग्राहकलाई छुट दिने गरी सम्झौता गरिएको हो । सम्झौतापत्रमा बैंकका तर्फबाट बजारीकरण तथा अनुसन्धान डिभिजनका प्रमुख निर्मल सुवेदी र मेडिकेयरका तर्फबाट व्यवस्थापन प्रबन्धक रोशन ओझाले हस्ताक्षर गरे । यो साझेदारीअन्तर्गत बैंकमा आबद्ध सबैले चाबहिलमा रहेको मेडिकेयर हस्पिटलमा १० प्रतिशत छुट पाउनेछन् ।

## ● नेपाल एसबिआई बैंकद्वारा १०७ बालबालिकालाई कपडासहित अत्यावश्यक सामग्री प्रदान

नेपाल एसबिआई बैंक लिमिटेडले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत नक्सालस्थित नेपाल बाल संगठन, बाल मन्दिरका १०७ जना बालबालिकालाई न्यानो कपडा, चप्पल, ब्ल्याङ्केट, म्याट्रेस, वाटर प्युरिफायरलगायतका अत्यावश्यक सामग्रीहरू प्रदान गरेको छ । यस किसिमको पहलबाट बैंकले बालबालिकाको तत्काल आवश्यकताहरू पूरा हुनुका साथै बालबालिकाहरूको समग्र विकासमा सहयोग पुर्‍याउने लक्ष्य राखेको बैंकले जनाएको छ । कार्यक्रममा बैंकका अध्यक्ष बैंकट बंसीधर कुंचाले नेपाल बाल संगठनकी अध्यक्ष विद्या उपाध्याय न्यौपानेलाई सहयोग सामग्रीहरू हस्तान्तरण गरेका थिए । कार्यक्रममा बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारी, बैंकका सञ्चालक रितेश सिन्हा, बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख सञ्चालन अधिकृत विकास आनन्द, प्रमुख वित्तीय अधिकृत राजेशकुमार पंडा, प्रमुख व्यवसाय प्रबर्धन अधिकृत प्रवीणमुनि बज्राचार्य र बैंक तथा संस्थाका पदाधिकारीसमेतको उपस्थिति थियो ।

## ● टाइगर कपको टिकटिङ पार्टनरमा 'खल्ती'

भलिबल प्रतियोगिता 'द टाइगर कप'को छैटौं संस्करणमा 'खल्ती'ले टिकटिङ पार्टनरको रूपमा साझेदारी गरेको छ । 'टाइगर ग्रुप अफ पोखरा'ले माघ ९ देखि १७ गतेसम्म आयोजना गर्न लागेको प्रतियोगिता पोखरा रंगशालामा हुनेछ । सात पुरुष र सात महिला गरी यस वर्ष १४ वटा टोली प्रतियोगितामा सहभागी हुँदै छन्, जसमध्ये चार अन्तर्राष्ट्रिय टोली रहेका छन् । प्रतियोगिताको टिकटको मूल्य रू. ३०० देखि रू. ५०० सम्म छ । दर्शकहरूले हरेक खेलको टिकट खल्ती एपबाट काट्न सक्नेछन् । खल्तीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले खुसी व्यक्त गर्दै भने, 'खल्ती र टाइगर कपको यस नयाँ साझेदारी भलिबल तथा सम्पूर्ण खेलकुदप्रेमीहरूका लागि पक्कै पनि उत्साहको विषय हो ।'

## ● सिटिजन्स सन्तुलित योजनामा अपेक्षाभन्दा बढी आवेदन

सिटिजन्स क्यापिटल लिमिटेडको योजना व्यवस्थापन तथा डिपोजिटरी र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको कोष प्रवर्द्धनमा सञ्चालन हुने सिटिजन्स म्युचुअल फण्डअन्तर्गतको चौथो बन्दमुखी योजना "सिटिजन्स सन्तुलित योजना" ले लगानीकर्ताबाट उल्लेखनीय प्रतिक्रिया प्राप्त गरेको छ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरी मिति २०८२ पौष ४ गतेदेखि पौष १८ गतेसम्म सार्वजनिक निष्कासन तथा बिक्रीमा ल्याइएको १ अर्ब आकारको उक्त योजनामा प्रारम्भिक विवरण अनुसार रू. १ अर्ब २५ करोडभन्दा बढी आवेदन प्राप्त भएको छ । यो रकम योजनाले माग गरेको पूँजीभन्दा करिब २५ प्रतिशत बढी हो ।

यससँगै सिटिजन्स सन्तुलित योजना सिटिजन्स क्यापिटल लिमिटेडद्वारा सञ्चालन गरिएका म्युचुअल फण्डहरूमध्ये अधिक आवेदन प्राप्त गर्ने सफल योजनाको सूचीमा पर्न सफल भएको छ । योजनाप्रति सर्वसाधारण तथा संस्थागत लगानीकर्ताको उल्लेखनीय सहभागिताले सिटिजन्स क्यापिटललाई नेपालको पूँजी बजारमा एक दक्ष, व्यावसायिक र विश्वासिलो संस्थाका रूपमा स्थापित गराएको कम्पनीको भनाइ छ । सिटिजन्स क्यापिटल लिमिटेड, सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको सहायक कम्पनी हो । कम्पनीमा कर्मचारी सञ्चय कोषका साथै प्रतिष्ठित उद्योगी-व्यवसायीहरूको समेत लगानी रहेको छ । हाल कम्पनीको अध्यक्षका रूपमा राजेन्द्र लाल श्रेष्ठ तथा प्रमुख कार्यकारी अधिकृतका रूपमा सबिर बादे श्रेष्ठ कार्यरत छन् । कम्पनीले योजना व्यवस्थापन तथा डिपोजिटरी सेवा, लगानी व्यवस्थापन सेवा, धितोपत्र प्रत्याभूति, धितोपत्र निष्कासन तथा बिक्री प्रबन्ध, शेयर रजिष्ट्रार सेवा तथा संस्थागत परामर्श सेवा लगायतका विविध वित्तीय सेवाहरू प्रदान गर्दै आएको छ ।

## ● 'मुक्तिनाथ एग्री-फाइनान्स ३६०' कार्यक्रम

मुक्तिनाथ विकास बैंकले 'मुक्तिनाथ एग्री-फाइनान्स ३६०' कार्यक्रम गरेको छ । बैंक २०औँ वर्ष प्रवेशको अवसरमा कृषि क्षेत्रमा लगानी विस्तार, उत्पादकत्व वृद्धि र किसानको दिगोपना अभिवृद्धि गर्ने उद्देश्यले उक्त कार्यक्रम शुक्रबार सम्पन्न गरेको हो ।

बैंकको सञ्चालक समितिका अध्यक्ष खिमप्रकाश मल्लको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि कृषि तथा पशुपक्षी विकासमन्त्री डा. मदन परियार थिए । उनले सरकारका तर्फबाट कृषि क्षेत्रको विस्तार गर्न सबै सरोकारवालामा उत्प्रेरणात्मक वातावरण निर्माण हुनुपर्ने बताए ।

कृषि लगानी विस्तार तथा कर्जा गुणस्तर सुदृढ बनाउन क्रेडिट ग्यारेन्टी, वित्तीय साक्षरता, कृषि बिमा, मूल्य शृंखलामा समन्वय, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकता दिने नीति र योजना बनाउन सकेमा मात्र कृषि क्षेत्रको ठोस विकास हुन सक्ने उनको भनाइ थियो । महिलामैत्री कृषिको विकास गरिनुपर्ने, कृषिलाई प्रविधिसँग जोडेर युवालक्षित स्वरोजगारीको व्यवस्था गर्नुपर्ने, साना किसानमा वित्तीय पहुँच अझै विस्तार गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा बैंकिङ विशेषज्ञ अजय श्रेष्ठले 'नेपालमा कृषि उद्यम लगानीको चुनौती र अवसर' विषयमा प्रस्तुति दिए । उनले कृषि ऋणमा उच्च जोखिम, कमजोर कर्जा गुणस्तर, उत्पादनशीलता र मूल्य शृंखलामा संरचनागत कमजोरीलाई प्रमुख चुनौतीका रूपमा औँल्याएका थिए ।

सोही कार्यक्रममा सामूहिक छलफल चलेको थियो । नेपाल राष्ट्र बैंक, नियमन विभागका कार्यकारी निर्देशक रामु पौडेल, कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङ, नेपाल उद्योग वाणिज्य महासंघ, कृषि उद्यम केन्द्रका अध्यक्ष डिबी बस्नेत तथा कृषक तथा कृषि उद्यमी विमला आचार्य दाहालसँग पूर्वबैंकर भुवन दाहालले संवाद गरेका थिए ।

## ● ज्योति विकास बैंकका ग्राहकलाई भोटेकोसी हेली रिसोर्टमा छुट

ज्योति विकास बैंक लिमिटेडले सिन्धुपाल्चोकस्थित भोटेकोसी हेली रिसोर्ट एन्ड स्पा प्रालिमा बैंकका ग्राहकलाई छुट प्रदान गर्नेसम्बन्धी सम्झौता गरेको छ । यस सम्झौतापश्चात् ज्योति विकास बैंकका ग्राहकहरूले उक्त रिसोर्टमा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । भोटेकोशीको रमणीय प्राकृतिक सौन्दर्य, स्वादिष्ट परिकार र उत्कृष्ट आतिथ्य सेवाका कारण भोटेकोशीस्थित यस रिसोर्टले ग्राहकहरूको मन जित्दै विशिष्ट गन्तव्यको रूपमा आफ्नो पहिचान स्थापित गरेको छ ।

नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरूले सामाजिक उत्तरदायित्वअन्तर्गत सामाजिक कार्यमा गर्ने योगदानभन्दा ज्योति विकास बैंकले ५० प्रतिशत बढी रकम छुट्याएको बैंकको दाबी छ । यस विकास बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षा गर्न चालेको पहलकदमी तथा योगदानले ७० वटा न्यानो नानीमार्फत हरेक वर्ष २५९० भन्दा बढी शिशुहरूको अमूल्य जीवन रक्षा गर्न सफल भएको छ ।

## गैरदलीय...

उज्यालो नेपालका संरक्षक रहेका घिसिङ रास्वपाको उपसभापति बनेका छन् । त्यसैगरी युवा तथा खेलकूद मन्त्री रहेका बब्लु गुप्ता समेत रास्वपामा सक्रिय रहेका छन् भने काठमाडौ महानगरपालिकाका मेयर बालेन साह समेत आफ्ना केही सहयोगीहरूका साथ रास्वपामा प्रवेश गरेर वरिष्ठ नेता बनेका छन् । रास्वपाले बालेन साहलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरिसकेको छ ।

फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनमा रास्वपाले बहुमत ल्याउने र साहलाई प्रधानमन्त्री र घिसिङलाई उपप्रधानमनत्री बनाउने रणनीति लिएको हुनाले कुलमान घिसिङ, बब्लु गुप्ता र र बालेन साह रास्वपामा प्रवेश गर्दा खुसी मनाउँदै आफूपनि उनीहरूकै साथमा रहेको स्टाटस लेख्ने सञ्चार तथा सूचना प्रविधि मन्त्री जगदिस खरेल भित्रभित्रै रास्वपाका सक्रिय भएकाले उनीहरूले तत्काल पदबाट राजिनामा दिएर निर्वाचनमा जानुपर्दछ । मन्त्री घिसिङले अस्ति २३ गते नै पदबाट राजिनामा दिईसकेका भएपनि गुप्ता र खरेलले अहिलेसम्म राजिनामा दिएका छैनन् ।

गैर दलीय कार्की नेतृत्वको सरकार रहेर दलीय राजनीतिमा सक्रिय हुनु भनेको निर्वाचनलाई निष्पक्ष, धाँधलीरहित नबनाउने रणनीति हुन सक्छ । घिसिङ, गुप्ता र खरेलको सार्वजनिक आलोचना भईरहँदा समेत मौन रहेकी प्रधानमन्त्री कार्कीले पुस २१ गते बसेको मन्त्रिपरिषद्को बैठकमै ती तीन मन्त्रीलाई राजिनामा दिन आग्रह गरेकी थिइन् भने मन्त्री घिसिङले आफू आजसम्म कुनै दलको सदस्य नभएको झुठो अभिव्यक्ति दिएका थिए । त्यसैगरी गुप्ताले समेत त्यस्तै अभिव्यक्ति दिएका छन् । मन्त्री खरेल भने आफू निर्वाचनमा उम्मेदवार भईदिए हुन्थ्यो भन्ने जनताको आवाज रहेको भन्दै त्यस विषयमा आफूले निर्णय गरिनसकेको बताउँदै आएका छन् ।

यसरी गैरदलीय सरकारमा बसेर राजनीतिक दलका कार्यक्रममा सहभागि हुनु भनेको सरकारी सेवा सुविधा लिएर व्यक्तिगत र दलगत स्वार्थ पूरा गर्नु बाहेक अन्य केही हुन सक्दैन । त्यसैले मन्त्री घिसिङले राजिनामा दिईसकेका हुनाले अन्य दुई मन्त्रीलाई तत्काल प्रधानमन्त्री कार्कीले राजिनमा गराउन सक्नुपर्दछ । यदि होइन भने प्रधानमन्त्रीले नै उनीहरूलाई बर्खास्त गरेर आफ्नो नेतृत्वको सरकार गैरदलीय सरकार हो यो सरकारले पाएको म्याण्डेट निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्न तयार छ भन्ने सन्देश राजनीतिक दल र जनतालाई दिन सक्नुपर्दछ ।

राजनीतिक दलहरूले अहिले पनि सरकारले निर्वाचनको वातावरण बनाउन असफल भैरहेको बताउँदै आएका बेला मन्त्री पदमै बसेर दलगत राजनीतिमा सक्रिय हुनु भनेको राजनीतिक बेइमानी बाहेक अर्को अर्थ हो निर्वाचनको लागि आर्थिक स्रोत जुटाउनु । त्यही आर्थिक स्रोत जुटाउनका लागि उनीहरू मन्त्री पदमै बसिरहेका हुनाले तत्काल उनीहरूले राजिनामा दिएर अन्य राजनीतिक दल सरह निर्वाचनमा जानु उचित हुन सक्छ । रास्वपाले औपचारिक रूपमै मेयर बालेन र घिसिङ आफ्नो पार्टीका आफ्ना समर्थक सहित प्रवेश गरिसकेको उद्घोष सार्वजनिक रूपमै गरिसकेका हुनाले हामीहरू पार्टीका सदस्य होइनौँ भन्नु अर्को राजनीतिक बेइमानी हो ।

यदि घिसिङले आफू संरक्षक रहेको उज्यालो नेपाल नामक पार्टी रास्वपामा विलय नगराएको हो भने उज्यालो नेपालका अध्यक्ष रहेका अनुप उपाध्याय सहित व्यक्तिहरू कसरी रास्वपाका केन्द्रीय सदस्य भए त ? त्यसको जवाफ घिसिङले जनतालाई दिनुपर्ने कि नपर्ने ? रास्वपाले घिसिङलाई आफ्नो पार्टीको उपसभापति रहेको बताइसकेको छ । घिसिङ रास्वपाका सभापति पछि दोस्रो नम्वरमा रहेका छन् । यसरी जनतालाई ढाँटेर राजनीतिक स्वार्थ पूरा गर्न र गैरदलीय सरकारमा रहेर पार्टीगत र व्यक्तिगत स्वार्थ पूरा गर्ने प्रयासले गर्दा निष्पक्ष र धाँधलीरहित निर्वाचन हुनेमा आशंका उब्जिएकाले तत्काल अब गुप्ता र खरेलले मन्त्री घिसिङको जस्तै राजिनामा दिएर जनतामा विश्वास दिलाउन सक्नुपर्दछ ।

## अध्यक्ष ढकाल र युएई वित्त मन्त्रालयका सचिवबिच भेटवार्ता

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले संयुक्त अरब इमिरेट्स (युएई)को वित्त मन्त्रालयका सचिव अब्दुल्ला अहमद अल सालेहसँग भेटवार्ता गरेका छन् ।

भेटवार्तामा नेपाल–युएईबिचको द्विपक्षीय आर्थिक सम्बन्ध थप सुदृढ गर्दै व्यापार तथा लगानी सहकार्य विस्तार गर्ने विषयमा छलफल भएको बताइएको छ । युएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीको उपस्थितिमा सम्पन्न भेटवार्तामा दुवै पक्षले आगामी दिनमा नेपाल–युएई आर्थिक सहकार्यलाई थप प्रभावकारी बनाउँदै पारस्परिक लाभका साझेदारीहरू अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

सो अवसरमा महासंघका अध्यक्ष ढकालले नेपालमा रहेको लगानी सम्भावनाबारे जानकारी गराउँदै निजी क्षेत्रबिचको सहकार्यलाई थप मजबुत बनाउनुपर्नेमा जोड दिए । उनले नेपालमा जलविद्युत्, पर्यटन, कृषि प्रशोधन, ठुला पूर्वाधार तथा सूचना प्रविधिजस्ता प्राथमिकता प्राप्त क्षेत्रमा व्यापार तथा लगानी सहकार्य विस्तार गर्न सकिनेमा जोड दिए ।

साथै उनले काठमाडौंका लागि एमिरेट्स एयरलाइन्सको प्रत्यक्ष उडान सुरू हुनु पर्यटन, व्यापार र समग्र व्यावसायिक आवागमन विस्तारका लागि अत्यन्त महत्त्वपूर्ण हुने उल्लेख गरे ।

युएईको वित्त मन्त्रालयका सचिव अल सालेहले नेपालले प्रस्तुत गरेका परियोजना र अवसरहरूप्रति युएई पक्षले चासो देखाउँदै निजी क्षेत्रबिचको सहकार्य बढाउन सकारात्मक रहेको बताए । दुवै पक्षले आगामी दिनमा सहकार्यलाई अझ गहिरो बनाउँदै ठोस परिणामतर्फ अघि बढ्ने साझा प्रतिबद्धता व्यक्त गरेका छन् ।

## पुराना..

भएका छन् । रास्वपाले पुराना पार्टीहरूलाई धक्का दिने उद्घोष गरिरहेका बेला नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टीका नेताहरू समेत एकै ठाउँमा उभिएर रास्वपालाई धक्का दिन सक्ने सम्भावना बढेर गएको छ । रास्वपाले पुराना दलहरूले काम गर्न नसकेको भन्दै आफ्नो दलले बहुमत ल्याउने, उद्घोष सहित स साना नयाँ दलहरूलाई आफ्नो पार्टीमा विलय गराईरहेको छ । काठमाडौ महानगरका मेयर बालेन साहलाई रास्वपाले प्रधानमन्त्रीको उम्मेदवारको रूपमा अघि सारेको भएपनि मेयर साहको पक्षबाट रास्वपाको केन्द्रीय सदस्य बनेकाहरूको राजनीतिक हैसियत नदेखिएको हुनाले पनि रास्वपाको बहुमत ल्याउने उद्घोष निरर्थक सावित हुन सक्ने सम्भावना बढेर गएको छ ।

रास्वपाका सभापति लामिछाने नै सहकारी ठगीमा मुछिएका र उनी धरौटीमा मात्र रिहा भएकाले गर्दा रास्वपालाई गरिब जनताको पैसा खाएको आरोप लाग्न सक्छ । नयाँ भनिएका पार्टीहरू मध्येका उज्यालो नेपालका संरक्षक कुलमान घिसिङका विरूद्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा धेरै उजुरी परेका र ती उजुरीका बारेमा अनुसन्धान भइरहेको हुनाले घिसिङमाथि संकट आउन सक्छ । मेयर बालेन साहको कुनैपनि पार्टी नभएको र उनलाई सहयोग गर्ने केही व्यक्तिहरू लिएर रास्वपाको वरिष्ठ नेता बनेको भएपनि मुलुकभरमा उनको राजनीतिक हैसियत देखिँदैन ।

पुराना भनिएका राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टीले गठबन्धन गरेर निर्वाचनमा गएको खण्डमा निर्वाचन रोमाञ्चित हुन सक्छ । त्यसबेला पुराना त्रिमूर्ति र नयाँ त्रिमूर्ति विचमै प्रतिस्पर्धा हुने निश्चित जस्तै रहेको छ । पूराना दलका संगठनहरू देशैभर रहेकाले गर्दा गठबन्धन बनेको खण्डमा पुराना दलहरूले बहुमत ल्याउन सक्छन् त्यसमा मधेशवादी दलहरूलाई समेत गठबन्धनमा ल्याएर उनीहरूले नै बहुमत ल्याउन सक्ने सम्भावना बढी देखिन्छ ।

## भागेका...

हुनेमा आशावादी रहेका बताइरहेका छन् । कार्की सरकारले भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनमा घुसपैठ गरेर विध्वंसात्मक कार्य गर्ने व्यक्तिहरूलाई फौजदारी केस अन्तरगत कारबाही नगर्ने सहमति जेनजीहरूको एक समूहसँग गरेकाले र भाद्र २४ गते रास्वपाका सभापति रवि लामिछानेसँगै जेलबाट भागेका वा भगाइएका कैदीबन्दीहरू मध्येका अहिलेपनि ५ हजार भन्दा बढी जेल बाहिरै रहेका र त्यसबेला प्रहरीका हातहतियार र गोली गठ्ठा लुटिएका थिए । त्यसरी भागेका कैदीबन्दीहरू अहिले पनि जेल बाहिरै रहेका र लुटिएका हातहतिया र गोली गठ्ठा प्रहरीले पत्राउ गर्न नसकेको हुनाले नै राजनीतिक दलहरूले निर्वाचनको वातावरण बनाउन कार्की सरकार असफल सावित भएको बताउँदै आएका छन् ।

गैर राजनीतिक सरकारको निर्माण गरिएको भए पनि पछिल्लो समयमा कार्कीका सल्लाहकार र केही मन्त्रीहरू नै राजनीतिक दलमा लागेका र केही समानुपातिक तर्फको बन्द सुचीमा रहेकाले प्रधानमन्त्री कार्कीले त्यस्ता सल्लाहकार र मन्त्रीहरूलाई तत्काल बर्खास्त गर्नपर्ने माग राजनीतिक दलका नेताहरूले गरिरहेका भएपनि प्रधानमन्त्री कार्की भने मौन रहनु आश्चर्यको विषय बनेको छ ।

जेलबाट भागेका वा भगाइएका कैदीबन्दीहरू र लुटिएका हातहतियार र गोली गठ्ठा निर्वाचनको बेला पुराना भनिएका दलहरू तिनका नेताहरूमाथि प्रयोग हुँदैनन् भन्ने ग्यारेन्टी के सरकारले दिनु पर्दैन र ?

## कार्की सरकारमा...

नभएको बताएँदै आएका भएपनि उनी रास्वपाको उपसभापति रहेको रास्वपाले बताएको थियो । घिसिङको जनस्तरमा व्यापक विरोध भएपछि उनी राजिनामा दिन बाध्य भएका थिए ।

गैरराजनीतिक चुनावी सरकारमा रहेका राजनीतिक व्यक्तिहरूले गर्ने हरेक निर्णयहरूमा दलको प्रभाव पर्ने भएकाले घिसिङले राजिनामा दिईसकेका हुनाले अब मन्त्री गुप्ता र मन्त्री खरेलसहित प्रधानमन्त्री कार्कीको जनसम्पर्क सल्लाहकार रहेका तिमल्सिनाले तत्काल पदबाट राजिनामा दिएर निष्पक्ष र धाँधलीरहित निर्वाचनको वातावरण बनाउनुपर्ने आवश्यकता देखिएको छ । सुशिला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गर्दा फागुन २१ गते प्रतिनिधिभसाको निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने म्याण्डेट राष्ट्रपतिले दिएका थिए । अब निर्वाचन आउन ५४ दिनमात्र बाँकी रहेको र समानुपातिकको सूची समेत राजनीतिक दलहरूले निर्वाचन आयोगमा बुझाई सकेका हुनाले राजनीतिक दलमा संलग्न भएका मन्त्री मन्त्री गुप्ता, खरेल र प्रधानमन्त्रीको जनसम्पर्क सल्लाहकारले तत्काल राजिनामा दिएर निर्वाचन निष्पक्ष र स्वतन्त्र हुन्छ भन्ने ग्यारेन्टी दिनु आवश्यक छ । मन्त्री पदमा बसेर सरकारी सेवा सुविधा लिएर निर्वाचनको प्रचार प्रसार गर्न भनेको अर्को राजनीतिक बेइमानी बाहेक अन्य केही हुन सक्दैन । त्यसैले उनीहरूले तत्काल पदबाट राजिनामा दिनु आवश्यक रहेको छ ।

## बालेन...

भने बालेन साहका तर्फबाट थपिएकाहरूको नामावली सुनेर रास्वपाका नेताहरू नै मन अमिलो बनाएका छन । साह पक्षबाट थपिएका व्यक्तिहरू बलियो राजनीतिक हैसियत, प्रोफाइल वा बौद्धिक छवि भएका एक जना पनि नरहेको पाइएको छ । बालेनसँग राम्रो सम्बन्ध भएका र खानपिन गर्नेहरू नै केन्द्रीय सदस्यमा मनोनित भएका छन् । ७ जना जेनजीहरूलाई समेत केन्द्रीय सदस्यमा मनोनित गरिएको छ ।

रास्वपाको केन्द्रीय सदस्य रहेकी एक नेतृत्वले भन्दै थिइन् बालेनसँग गतिला मान्छे नै रहेनछन् । केन्द्रीय समितिमा मनोनित गरिएका व्यक्तिहरूको नाम सुनेर उदेक लाग्यो । उनी भन्दै थिइन् अधिकांश वडा सदस्यमा पनि जित्ने हैसियतका मान्छे छैनन् पार्टीका अर्का नेता भन्दै थिए बालेनको हविगत देखेर आफूँलाई आश्चर्य लाग्यो । बालेनले रास्वपामा गज्जबका मान्छे भित्र्याउनु होला भन्ने आशा थियो तर केन्द्रीय सदस्यहरूको नाम हेरेपछि छक्कै परियो । बालेन साह न नाम मात्रको हाउगुजी मात्र रहेछन् वहासँग राजनीति व्यक्ति नै रहेनछन् भन्दै ती नेताले पार्टी नेतृत्वप्रति गुनासो पोखेका थिए । वालेन साहलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरिएको भएपनि उनको पक्षमा नेताहरू नभएकाले रास्वपाभित्र पनि खैलाबैला भएको छ । निर्वाचनमा दुई तिहाई मत ल्याउने रास्वपाको भनाईमा अब ब्रेक लागेको रास्वपाकै नेताहरूले बताएका छन् ।

## रविको...

कांग्रेस, एमाले र पुष्पकमल दाहाल नेतृत्वको नेपाली कम्युनिष्ट पार्टी तयार होला भन्ने प्रश्न समेत उठेको छ ।

रवि लामिछाने माथि लागेको सहकारी ठगीसम्बन्धी सबै मुद्दामा उनले सफाई पाएको अवस्थामा रास्वपाले आफ्ना नेताले जितेको एक सांसदलाई राजिनमा गराएर रविलाई त्यही निर्वाचन क्षेत्रबाट उपनिर्वाचनमार्फत सांसद बनाउन सक्ने अवस्था रहेपनि बालेनलाई ५ वर्षसम्म प्रधानमन्त्री बनाउने सहमति रास्वपाले गरेको हुनाले पनि रवि प्रधानमन्त्री बन्न सक्ने अवस्था देखिँदैन ।

रास्वपाका उसपभाति कुलमान घिसिङ पनि प्रधानमन्त्रीकै उम्मेदवार भएपनि उनी रास्वपामा मिसिएका हुनाले उनी तत्काल प्रधानमन्त्री बन्न सक्ने अवस्था देखिँदैन त्यसैले उनी उपप्रधान तथा मन्त्रीमै सिमित हुनुपर्ने अवस्थामा के घिसिङ चुपचाप रहला न भन्ने प्रश्न समेत उब्जिएको छ । रवि लामिछाने सहकारी ठगीमा जिल्ला अदालतहरूबाट दोषी ठहरिएको अवस्थामा उनी पार्टीको सभापति पदमा बस्न नपाउने अवस्था आएमा घिसिङ नै पार्टी सभापति हुने र आफू प्रधानमन्त्री बन्नका लागि पार्टीबाटै निर्णय गरेर बालेनलाई प्रधानमन्त्रीबाट फिर्ता बोलाउन सक्ने सम्भावना समेत देखिएको छ ।

कथमकदाचित बालेन प्रधानमन्त्री भै हाले भने पनि उनको पार्टीका सभापति नै सहकारी ठगी प्रकरणमा मुद्दा खेपिरहेका व्यक्तिः हुँदा त्यसबेला सुशासनका कुरा उठ्न सक्छ । बालेनले सुशासन र भ्रष्टाचारको कुरा उठाउँदै आएकाले गर्दा उनको पार्टीका सभापतिलाई नै कारबाही गर्नुपर्ने अवस्था आउन सक्ने भएकाले गर्दा रास्वपामाथि नै प्रश्न उठ्ने भएकाले गर्दा सरकार प्रमुखमाथि दबाव बढ्न सक्छ के त्यसबेला बालेन र घिसिङ रविमाथि कारबाही गर्न तयार होलान् भन्ने प्रश्न समेत उठ्न थालेको छ ।

घिसिङमाथि समेत नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक हुँदा विभिन्न अनियमितता गरेको आरोपको उजुरी अख्तियार दुरूपयोगमा परेकाले त्यसको छानविन समेत भईरहेकाले गर्दा अख्तियारले मुद्दा चलाएको अवस्थामा रास्वपाको हालत कस्तो होला ? त्यसबेला रास्वपा र बालेनले भनेको सुशासन र भ्रष्टाचार विरोधी जेनजीहरूको माग कसरी सम्बोधन होला भन्ने प्रश्न उठेको छ । यी सबै कारणहरूले गर्दा रविमाथि खतरै खतरा रहेको प्रष्ट रूपमै देखिएको छ ।

## राष्ट्रिय सभा...

१८ सिट मध्ये नेपाली कांग्रेसले ९, नेकपा एमालेले ८ र जसपा नेपालले १ सिट लिएका छन् । नेपाली कम्युनिष्ट पार्टीसँग पनि गठबन्धन गर्ने प्रयास गरेको भएपनि पुष्पकमल दाहालले अन्तिम समयमा गठबन्धन गर्न इन्कार गरेपछि उनको पार्टी राष्ट्रिय सभाको निर्वाचनमा एक्लै गएको छ । राष्ट्रिय सभाको निर्वाचनमा गठबन्धन गर्ने दलहरूको निर्णयले गर्दा प्रतिनिधिसभाको निर्वाचनमा समेत यिनै दलहरूबीचमा गठबन्धन हुन सक्ने सम्भावना समेत देखिएको छ । त्यसको एउटा कारण हो रास्वपामा काठमाडौका मेयर बालेन साह र उज्यालो नेपालबीच एकता भएपछि पुराना भनिएका दलहरूलाई दवाव बढेको छ ।

रास्वपामा उज्यालो नेपाल र बालेन साह समाहित भएपनि मेयर साह भने व्यक्तिगत रूपमै आफ्ना केही सहयोगीहरू लिएर रास्वपामा प्रवेश गरेका हुन् । उज्यालो नेपालका संरक्षक रहेका कुलमान घिसिङ रास्वपाको उपसभापति र बालेन साह पार्टीको वरिष्ठ नेता र प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरिएपछि पुराना दलहरूलाई गठबन्धन गर्न दवाव बढ्दै गएको थियो ।

रास्वपाका सभापति रवि लामिछाने सहकारी ठगी काण्डमा धरौटी बुझाएर रिहा भएका हुनाले उनी प्रधानमन्त्री बन्न सक्ने अवस्था नरहेपछि रास्वपाले बालेनलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेको हो । कुलमान घिसिङ सरक्षक रहेको उज्यालो नेपाल नामक पार्टी नयाँ भएकाले गर्दा मुलुकमै उसको संगठन थिएन र कुलमानको केही प्रभाव भएपनि उनी समेत बालेनलाई प्रधानमन्त्री बनाउन सहमत भएपनि रास्वपाभित्र विवाद रहेको छ ।

सभापति रवि लामिछाने र बालेन, कुलमान घिसिङको एकता धेरै लामो समयसम्म नटिक्ने दाबी समेत राजनीतिक विश्लेषकहरूले गर्दै आएकोले गर्दा रास्वपाभित्र विवाद उत्पन्न भएको हो । सभापति लामिछानेको सहकारी ठगी सम्बन्धका मुद्दाहरू बाँकी रहेको र अदालतमा मुद्दा विचाराधिन अवस्थामा रहेकाले गर्दा पनि अब अन्य राजनीतिक दलहरूले सहकारी ठगी प्रकरणलाई चुनावी मुद्दा बनाउन सक्ने सम्भावना रहेको छ ।

बालेन मेयर भएपछि उनका कामले गर्दा उनी समेत विवादमा परिसकेका व्यक्ति भएकाले बालेन प्रधानमन्त्री बन्न सक्ने सम्भावना देखिँदैन । रास्वपा एक्लैले सरकार बनाउन पुग्ने संख्या ल्याउन सक्ने सम्भावना समेत देखिँदैन । प्रतिनिधिसभामा जम्मा २ सय ७५ सांसदको व्यवस्था रहेकोमा १ सय ६५ प्रत्यक्ष र १ सय १० सिट समानुपातिकको व्यवस्था रहेको छ । रास्वपाले सरकार बनाउन पुग्ने संख्या ल्याउन समानुपातिक तर्फ कम्तिमा ४० लाख मत ल्याउनुपर्ने हुन्छ भने प्रत्यक्षतर्फ ८० सिट भन्दा बढी जित्नुपर्ने हुन्छ के त्यो सम्भावना होला ?


## प्रतिलिपि अधिकार संरक्षण गरौं ।

- सर्जकको सम्मान शब्दले होइन व्यवहारमा गरौं।
- सिर्जनालाई बचाऊँ, सर्जकलाई सम्मान गरौं।
- अर्काको सृजना वा रचना चोरी नगरौं।
- प्रतिलिपि अधिकार उल्लङ्घन नगरौं।
- बौद्धिक सम्पत्तिको रक्षा गरौं।
- सृजनाको संरक्षण गरौं।

सर्जकलाई सम्मान, प्रतिलिपि अधिकारको संरक्षण ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार